म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ६८ आइतबार २० असोज २०८१ ने. सं. ११४४ कौलाथ्व 6 October 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरको सातवटा वडा 'विपद् संकटग्रस्त क्षेत्र'

हेटौंडा, १९ असोज/मकवापनुरको तीनवटा स्थानीय तहको सातवटा वडालाई विपद् संकटग्रस्तक्षेत्र घोषणा गरिने भएको छ । शनिबार बिहान जिल्ला प्रशासन कार्यालय मकवानपुरमा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले इन्द्रसरोवर गाउँपालिका-१, २, ३, ४, ५, भीमफेदी गाउँपालिका-८ र बकैया गाउँपालिका-१० लाई प्राकृतिक विपद् संकटग्रस्तक्षेत्र घोषणा गर्ने निर्णय भएको हो । प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालको अध्यक्षतामा बसेको बैठकले यो निर्णय कार्यान्वयनका लागि संघीय सरकारसमक्ष सिफारिस गर्ने निर्णय भएको हो । 'हामीले यस क्षेत्रमा राहत र पुनर्निर्माणलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । क्षतिको हिसाबले पनि असाध्यै धेरै भएको देखिन्छ । त्यसकारण संकटग्रस्तक्षेत्र घोषणाका लागि सरकारसमक्ष सिफारिस गरेका हौं,' प्रमुख जिल्ला अधिकारी चिलुवालले भने । उनका अनुसार इन्द्रसरोवर गाउँपालिकामा यसपटक विपद्ले बढी क्षति गरेको छ ।

# मकवानपुरका विपद् प्रभावित तीन पालिकालाई ४५ लाख सहायता

साझाकुरा संवाददाता

हेटौंडा, १९ असोज/ बागमती प्रदेश सरकारले मकवानपुरका तीनवटा गाउँपालिकासहित बागमती प्रदेशका ४५ वटा स्थानीय तहलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय गरेको छ ।

प्रदेश सरकारले विपद् जोखिमयुक्त प्रदेशका ४५ वटा स्थानीय तहलाई कुल ५ करोड ८० लाख रुपैयाँ आर्थिक सहायता प्रदान गर्दा जिल्लाका तीन पालिकाले ४५ लाख पाउने भएका हुन् । विपद्बाट धेरै प्रभावित बनेको इन्द्रसरोबर गाउँपालिकाले २० लाख, बागमती गाउँपालिकाले १५ लाख र बकैया गाउँपालिकाले १० लाख रुपैयाँ आर्थिक सहायता पाउने निर्णय भएको प्रदेश सरकारका प्रवक्ता आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए ।

इन्द्रसरोबरको २ र ३ नम्बर वडा बाढीपहिरोले बढी प्रभावित बनेको छ । गत शनिवार बिहान कुलेखानी जलविद्युत केन्द्रको दुईवटा ढोका खोलेर पानी छोड्दा कुलेखानी खोलामा आएको बाढीले ठूलो क्षति पुर्‍याएको इन्द्रसरोबर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीले जानकारी दिए । इन्द्रसरोबरको ३ नम्बर वडास्थित सिस्नेरीका ३० वटा घरटहरा बाढीले बगाएको थियो । ३ नम्बर वडाकै बत्सलादेवी माविको एन्फा एकेडेमीमा रहेका ६ जना बालकको पहिरोले पुरिएर मृत्यु भएको थियो ।

सिस्नेरी बजार बाढीपछि बगरमा परिणत भएको छ । स्थानीयले ठूलो जनधनको क्षति व्यहोरेका छन् । बागमती गाउँपालिकामा एक घर पहिरोले पुरिँदा एक युवतीको मृत्यु भएको थियो । बागमती नदीले तटीयक्षेत्रमा क्षति पुर्‍याएको छ । बकैया गाउँपालिकामा पनि बाढी पहिरोले सडक पूर्वाधारमा ठूलो क्षति पुर्‍याएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठले जानकारी दिए ।

बाढीपहिरोबाट क्षति व्यहोरेको भीमफेदी गाउँपालिकालाई भने प्रदेश सरकारले आर्थिक सहायता उपलब्ध गराएको छैन । भीमफेदी गाउँपालिकामा बागमती नदीले तटीयक्षेत्रमा क्षति पुर्‍याएको हो । भीमफेदीसँग जोडिएका र स्थानीय सडक बाढीपहिरोले क्षतिविक्षत बनाएको गाउँपालिका अध्यक्ष हिदम लामाले जानकारी दिए ।

१०-१३ असोजको भिषण वर्षाका कारण बाढीपहिरोले क्षति पुर्‍याएको ४५ वटा पालिकालाई तीनवटा क्लष्टर बनाएर प्रदेश सरकारले रकम उपलब्ध गराउने निर्णय गरेको थियो । शनिवार बिहान हेटौंडामा बसेको मन्त्रिपरिषद् बैठकले ७ वटा स्थानीय तहलाई २० लाख, १२ वटा स्थानीय तहलाई १५ लाख र २६ वटा स्थानीय तहलाई १० लाखका दरले रकम दिने निर्णय भएको सरकारका प्रवक्ता कानुनमन्त्री लामिछानेले जानकारी दिए ।

लामिछानेकाअनुसार सम्बन्धित पालिकाले राहत वितरण लगायत विपद्को क्षेत्रमा खर्च गर्न सक्ने गरी रकम निकासा गर्न लागिएको हो । रकम प्रदेश विपद् व्यवस्थापन कोषबाट सम्बन्धित स्थानीय तहको विपद व्यवस्थापन कोषमा पठाइने उनले बताए । मन्त्रिपरिषद्ले प्रदेश विपद् व्यवस्थापन कोषमा रकम न्यून रहेको भन्दै आर्थिक मामिला तथा योजना मन्त्रालयबाट १० करोड ५० लाख रुपैयाँ निकासा गर्ने निर्णय गरेको मन्त्री लामिछानेले जानकारी दिए ।

बाढीपहिरोबाट धेरै क्षति पुगेको इन्द्रसरोबरसहित काभ्रेको रोशी, बेथानचोक र तेमाल गाउँपालिका तथा पनौती नगर पालिका, सिन्धुलीको सुनकोशी गाउँपालिका, ललितपुरको महांकाल गाउँपालिकालाई बढी जोखिमयुक्त क्षेत्र भएकाले २० लाखका दरले १ करोड ४० लाख रकम निकासा गरिने भएको छ । मकवानपुरको बागमतीसहित काठमाडौंको चन्द्रागिरी र नागार्जुन नपा, ललितपुरको गोदावरी नपा, कोन्ज्योसोम गापा, बागमती गापा, सिन्धुपाल्चोकको जुगल र लिसंखुपाखर गापा, भक्तपुरको सूर्यविनायक नपा, रामेछापको खाँडादेवी गापा, दोलखाको बिगु र धादिङको गजुरी गापामा १५ लाखका दरले १ करोड ८० लाख रुपैयाँ र कम निकासा गर्ने निर्णय भएको मन्त्री लामिछानेले जानकारी दिए ।

दोलखाको शैलुङ, गौरीशंकर र तामाकोशी गापा, धादिङको बेनिघाटरोराङ, नेत्रावती डब्जोङ गापा र धुनिबेशी नपा, रामेछापको मन्थली र रामेछाप नपासहित गोकुलगंगा, दोरम्बाशैलुङ, सुनापति, लिखुतामाकोशी र उमाकुण्ड गापामा १० लाखका दरले रकम निकासा हुने भएको छ । यस्तै, मकवानपुरको बकैयासहित सिन्धुलीको गोलन्जोर र फिक्कल गापा, सिन्धुपाल्चोकको मेलम्ची नपासहित भोटेकोशी, पाँचपोखरी थाङपाल र हेलम्बु गापा, काभ्रेको नमोबुद्ध र मण्डनदेउपुर नपा तथा चौरीदेउराली, महाभारत गापा र चितवनको माडी नपा र इच्छाकामना गापालाई १०-१० लाख रुपैयाँ निकासा दिने निर्णय भएको छ ।

## मुख्यमन्त्री-मन्त्रीले १५ दिनको पारिश्रमिक दिने



**मुख्यमन्त्री-मन्त्रीले १५ दिनको पारिश्रमिक दिने**

बागमती प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरुले १५ दिनको तलब विपद् कोषमा जम्मा गर्ने भएका छन् । शनिबार उपलब्ध मन्त्रीहरुको छलफलले विपद् प्रभावित नागरिकका लागि १५ दिनको तलब प्रदेश विपद् कोषमा जम्मा गर्ने निर्णय गरेको हो ।

कानुनमन्त्री लामिछानेका अनुसार प्रदेश विपद् कोषमा १३ मन्त्रीको १५ दिनको तलब बापत ४ लाख २७ हजार ४ सय ४५ रुपैयाँ जम्मा हुनेछ । जसअनुसार विपद् कोषमा मन्त्रीहरुले प्राप्त गर्दै आएको ६० हजार २ सय २० रुपैयाँको आधा रकम (३० हजार १६० रुपैयाँ) र मुख्यमन्त्रीले लिँदै आएको ७० हजार ७३० रुपैयाँको आधा रकम ३५ हजार ३६५ रुपैयाँ जम्मा हुनेछ । यस्तै, प्रदेशको क्षतिको यकिन विवरण तयार गरी उपलब्ध गराउन प्रदेश नीति तथा योजना आयोगलाई निर्देशन दिइएको छ ।

# बागमती प्रदेशका ३५ पालिका विपद् संकटग्रस्त क्षेत्र घोषित



साझाकुरा संवाददाता

हेटौंडा, १९ असोज/ संघीय सरकारले बागमती प्रदेशको ९ जिल्लाका ३५ वटा स्थानीय तहसहित बाढीपहिरो प्रभावित १२ जिल्लाका ४१ स्थानीय तहलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ ।

शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले बाढीपहिरोबाट बढी प्रभावित स्थानीय तहलाई तीन महिनाका लागि विपद् संकटग्रस्तक्षेत्र घोषणा गर्ने निर्णय गरेको हो । राष्ट्रिय विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी समितिले बाढी, पहिरो र डुबानबाट बढी प्रभावित विभिन्न जिल्लाका स्थानीय तहलाई विपद संकटग्रस्त घोषणा गर्न सिफारिस गरेको थियो । सोही सिफारिसका आधारमा मन्त्रिपरिषद् बैठकले विपद संकटग्रस्तक्षेत्र घोषणा गरेको सञ्चार तथा सूचना प्रविधि मन्त्री एवम् सरकारका प्रवक्ता पृथ्वी सुब्बागुरुङले जानकारी दिए ।

विपद् संकटग्रस्तक्षेत्र घोषणा गरिएका स्थानीय तहमा पुन: स्थापना, पुनर्निर्माणको कामलाई प्राथमिकताका साथ तीव्रता दिने गरिन्छ । त्यसका लागि खरिद प्रक्रिया पनि सरल हुन्छ । संकटग्रस्त क्षेत्र घोषणा भएका स्थानीय तहमा पर्ने राजमार्ग क्षति भएको, सडक सञ्जाल विच्छेद भएको, नदीको तटीयक्षेत्र डुबानमा परेको, पुल बगाएको, विद्युत् र टेलिफोनको टावर तथा पशुचौपाय र कृषिक्षेत्रमा क्षति पुगेकाले विपद् संकटग्रस्तक्षेत्र घोषणा गरिएको प्रवक्तासमेत रहेका मन्त्री गुरुङले जानकारी दिएका छन् ।

बागमती प्रदेशअन्तर्गत् मकवानपुरको इन्द्रसरोवर गाउँपालिका र बकैया गाउँपालिका संकटग्रस्तक्षेत्र घोषणा भएका छन् । धादिङको बेनिघाट रोराङ गाउँपालिका, नेत्रावती डबजोङ गाउँपालिका, धुनिबेशी नगरपालिका र गजुरी गाउँपालिका, दोलखाको गौरीशंकर गाउँपालिका, बिगु गाउँपालिका र शैलुङ गाउँपालिका, रामेछापको मन्थली नगरपालिका, रामेछाप नगरपालिका, खाँडादेवी गाउँपालिका, दोरम्भाशैलुङ गाउँपालिका, सुनापति गाउँपालिका, लिखुतामा कोशी गाउँपालिका, गोकुलगंगा गाउँपालिका र उमाकुण्ड गाउँपालिका छन् ।

यस्तै, सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका, ललितपुरको बागमती गाउँपालिका, कोन्ज्योसोम गाउँपालिका र गोदाबरी नगर पालिका, काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका, पनौती नगरपालिका, तेमाल गाउँपालिका, नमोबुद्ध नगर पालिका, बेथानचोक गाउँपालिका, मण्डनदेउपुर नगरपालिका, चौरी देउराली गाउँपालिका र महाभारत गाउँपालिका, सिन्धुलीको गोलन्जोर गाउँपालिका, सुनकोशी गाउँपालिका र फिक्कल गाउँपालिका तथा चितवनको भरतपुर महानगरपालिका, माडी नगरपालिका र इच्छाकामना गाउँपालिकालाई संकटग्रस्तक्षेत्र घोषणा गरिएको हो ।

सरकारले कोशी प्रदेश अन्तर्गत् पाँचथरको फिदिम नगर पालिका, फालेलुङ गाउँपालिका र फाल्गुणानन्द गाउँपालिका, ओखलढुंगाको चम्पादेवी गाउँपालिका र सुनकोशी गाउँपालिका तथा उदयपुरको बेलका नगरपालिकालाई संकटग्रस्तक्षेत्र घोषणा गरिएको हो ।

# हेटौंडा-११ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषित



साझाकुरा संवाददाता

हेटौंडा, १९ असोज/ हेटौंडा उपमहानगरपालिकाको ११ नम्बर वडालाई शनिवार निकृष्ट बालश्रममुक्त, बालविवाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको छ ।

हेटौंडाकी नगरप्रमुख मीनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँले वडालाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा गरेका छन् । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले निर्धारण गरेका ५१ वटा सूचकमध्ये ४४ वटा सूचकमा शतप्रतिशत र बाँकी सूचकमा ८० प्रतिशत भन्दा माथि नतिजा हासिल गरेकाले वडालाई बालमैत्री घोषणा गरिएको वडाअध्यक्ष जुना दाहालले जानकारी दिइन् ।

अध्यक्ष दाहालले घोषणाको दिगोपन कायम गर्न वडाको पञ्चवर्षीय रणनीतिक योजना समेत तयार भइसकेको जानकारी दिइन् । २०८७सम्ममा सबै स्थानीय तहलाई बालमैत्री स्थानीय तह घोषणा गर्ने सरकारको लक्ष्यअनुरुप ११ नम्बर वडालाई बालमैत्री वडा घोषणा गरिएको उनले बताइन् । हेटौंडा उपमहानगरपालिकालाई पनि बालमैत्री घोषणा गर्ने तयारी छ ।

नगरप्रमुख लामाले बालमैत्री वडा घोषणाको दिगोपन कायम गर्न वडा कार्यालयलाई आग्रह गरेकी छन् । उनले निकट भविष्यमा बालमैत्री नगर घोषणा गर्ने तयारीमा उपमहानगर रहेको बताइन् । ३ हजार ४ सय १७ बालबालिका रहेको यस वडामा २५ वटा बालसमूह र एउटा वडा बालसंजाल रहेको छ । अब हेटौंडाको १ नम्बर वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाको तयारी भइरहेको छ ।

# थापाले जिते हेटौंडा भेट्रान्स साइकल दौड

साझाकुरा संवाददाता

हेटौंडा, १९ असोज/ मकवानपुर जिल्लास्तरीय दोस्रो भेट्रान्स साइकल दौड प्रतियोगितामा हेटौंडा-१७ हटियाका प्रदीप थापाक्षेत्री प्रथम भएका छन् । शनिबार हिमालयन राइडर्स सोसाइटीको आयोजनामा भएको दोस्रो संस्करणको साइकल दौडमा ३१ मिनेट ३४ सेकेण्डमा १५ किलोमिटरको निर्धारित दुरी पूरा गर्दै थापा प्रथम भएका हुन् ।

यस्तै प्रतियोगितामा हेटौंडा-६, चौघडाका दुर्गाप्रसाद लामिछाने द्वितीय भएका छन् । गतवर्ष मेचीमहाकाली साइकलयात्रा गरेका लामिछानेले ३२ मिनेट ५ सेकेन्डमा १५ किलोमिटरको निर्धारित दुरी पूरा गरेका थिए । हेटौंडा-१७ हटियाका हरिशरण थापाक्षेत्री ३२ मिनेट ३९ सेकेण्डमा निर्धारित दुरी पूरा गर्दै तृतीय भएका छन् ।

हेटौंडा-७ का दामोदर ढुंगाना ३३ मिनेट २० सेकेन्ड र सुरज लिम्बुले निर्धारित दुरी ३४ मिनेट १६ सेकेन्डमा पूरा गर्दै सान्त्वना भएका छन् । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमश: ३ हजार रुपैयाँ, २ हजार रुपैयाँ, १ हजार ५ सय रुपैयाँ र १ हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्रदान गरिएको थियो । प्रतियोगितामा ६६ वर्ष उमेरका ज्येष्ठनागरिक चेतनाथ आचार्यलाई प्रोत्साहनस्वरुप १ हजार रुपैयाँ प्रदान गरिएको थियो । प्रतियोगितामा ३० जनाको सहभागिता रहेको थियो । सोसाइटीका अध्यक्ष राजु थापामगरको सभाध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन हेटौंडा-४ का वडाअध्यक्ष नबीन सिग्देलले गरेका थिए । कार्यक्रमलाई लक्ष्मी सनराइज बैंक हेटौंडा शाखा, हेटौंडा सिटी कलेज, शिवम् सिमेन्ट लि., बुद्ध मेडिकल लगायत संघसंस्थाको सहयोग रहेको सोसाइटीका उपाध्यक्ष बुद्धराम श्रेष्ठले जानकारी दिए ।

**आकर्षक जग्गा बिक्रीमा**

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कठ्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. ९८४५४६१०३४

**सूचना ! सूचना !! सूचना !!!**

*अब किन जानु पर्‍यो विदेश ?*

हामी कहाँ आउनूस्

छानीछानी सुमो किनेर

आफैं साहु बन्नूस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस

Singhabahini Moto Corp Pvt. Ltd.

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# मुलुककै बुढो 'त्रिभुवन राजपथ'

हरेक वर्षायाममा त्रिभुवन राजपथको विषयमा चर्चा हुन्छ र वर्षा सकिएपछि चर्चापनि सेलाउने गरेको छ । विपद्मा काठमाडौंसँग जोडिएका सबै राजमार्ग ठप्प हुँदा देशकै बुढो मानिएको त्रिभुवन राजपथले संधै काम दिँदै आएको छ । नेपालको तराईबाट काठमाडौं प्रवेश गर्ने एउटै विकल्पको सडक हो त्रिभुवन राजपथ । विपद्बाट उत्पन्न संकटमा काठमाडौंको 'लाइफलाइन'को काम गरिरहेको एकमात्र विकल्पको त्रिभुवन राजपथ मर्मतमा भने सरकारले खासै ध्यान दिएको छैन । भारतीय सरकारले करिव ७ दसक अघि बनाइदिएको त्रिभुवन राजपथलाई पर्यटकीय सडक घोषणा गर्ने चर्चा पनि बेलाबेलामा हुने गरेको छ । तर, यो चर्चाको नतिजा भने निस्कन सकेको छैन । त्रिभुवन राजपथ काठमाडौंसँग जोड्ने पुरानो सबैभन्दा बलियो र सुरक्षित सडक हुँदा पनि सरकारले बेवास्था गरेको छ । सडकमा 'पासिङ वे', कल्भर्ट, पहिरो जोखिम क्षेत्रमा पर्खाललगायत संरचना, नाला निर्माण गर्नुपर्नेमा सरकारले ध्यान दिएको छैन । थाहा नगरपालिकाले विगतमा संघीय सरकारलाई यो सडकको पुन:निर्माणका लागि लिखित अनुरोध गर्दापनि कुनै चासो नदिएको थाहानगरका पूर्वनगरप्रमुख लवशेर विष्ट बताउँछन् ।

१० असोजदेखि १४ गतेसम्म परेको भिषण वर्षाले देशका प्रमुख राजमार्गहरु क्षतविक्षत बनाउँदा काठमाडौंसँगको सम्पर्क टुट्न पुग्यो । संघीय राजधानी काठमाडौंलाई नेपालको तराईसँग जोड्ने प्रमुख सडक बिपी राजमार्ग र मध्य तथा पश्चिम नेपाललाई जोड्ने पूर्वपश्चिम लोकमार्ग हुँदै मुग्लिन-नागढुंगा खण्डको पृथ्वी राजमार्ग बाढीपहिरोले क्षतिग्रस्त बनायो । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अनुसार १२ किमि सडक बगेको बिपी राजमार्ग दशैं अगाडि खुल्ने सम्भावना छैन । बाढीपहिरोले पूर्व-पश्चिम राजमार्गलाई ठूलो क्षति नपुऱ्याए पनि काठमाडौंको दुई 'लाइफलाइन' बिपी र पृथ्वी राजमार्ग पूर्णरुपमा सञ्चालनमा आउन सकेका छैनन् । दैनिक १० हजारभन्दा बढी सवारीसाधनको चाप व्यहोर्ने पृथ्वी राजमार्गको पहिरो पन्छाएर सडक सुचारु गरिए पनि पूर्ण सञ्चालनमा आउन समय लाग्ने भएको छ । पृथ्वी राजमार्गको अत्यधिक सवारी चापले पूर्वपश्चिम लोकमार्गभएर नारायणगढसम्म आइपुग्ने पश्चिमी नेपालका सवारीले यतिबेला दुईवटा विकल्पमा यात्रा गरिरहेका छन् । एउटा पृथ्वी राजमार्ग भएर, अर्को हेटौंडा हुँदै त्रिभुवन राजपथ भएर धादिङको नौबिसे निस्किँदै काठमाडौं प्रवेश गरिरहेका छन् । हेटौंडा-पालुङ-नौबिसे सडक खण्डको त्रिभुवन राजपथमा अत्यधिक सवारी चाप छ । पूर्वी नेपाललाई जोड्ने बिपी राजमार्ग र मध्यतराई तथा पश्चिम नेपाललाई जोड्ने पूर्वपश्चिम लोकमार्गको भारी देशकै बुढो त्रिभुवन राजपथले बोकिरहेको हो । वर्षाले त्रिभुवन राजपथमा खसेका साना पहिरो पन्छाएर यस सडक सञ्चालनमा ल्याइएको थियो । त्रिभुवन राजपथ भारत सरकारको सहयोगमा बि.सं. २००९ मंसिर ७ गते शनिवार राजमार्ग निर्माणको शुभारम्भ गरिएको थियो । नेपालको सबैभन्दा पुरानो यो राजमार्ग बढी घुम्ती भएकोले पारवहनको दृष्टिकोणले सहज नमानिएपछि सरकारले अन्य सडक निर्माण गरेको थियो ।

काठमाडौं प्रवेश गर्ने अधिकांश यात्रुबाहक साना सवारी त्रिभुवन राजपथ भएर सञ्चालन भइरहेको छ । ठूला गाडी सञ्चालनमा अहिले प्रशासनले रोक लगाएको छ । साना गाडीकै चाप धेरै छ । मकवानपुर प्रशासनले धादिङ प्रशासनसँगको समन्वयमा त्रिभुवन राजपथ पूर्णसञ्चालनमा ल्याएको हो । त्रिभुवन राजपथमा ट्राफिक व्यवस्थापनका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरले बिहीबार देखि थप ३० जना प्रहरी परिचालन गरेको छ । मोटरसाइकल भने त्रिभुवन राजपथबाट नभई भैंसे-कुलेखानी हुँदै चन्द्रागिरी-थानकोट गणेशमान सिंह मार्गबाट पठाइएको मकवानपुर प्रशासनले जानकारी दिएको छ । भैंसे-कुलेखानी हेटौंडा-काठमाडौं जोड्ने छोटो मार्गअन्तर्गत्को सडक हो । बाढीपहिरोका कारण छोटो मार्गको कुलेखानी-फाखेल-फर्पिङ र कुलेखानी-सिस्नेरी-फर्पिङ दुईवटा सडक बन्द छ । फाखेल-फर्पिङ सडक दुई दिनभित्र सञ्चालनमा ल्याउने गरी काम भइरहेको छ । बागमती प्रदेश सरकारले कुलेखानी जलाशय तलको पक्कीपुलमा क्षति पुगेपछि तत्काललाई डाइभर्सन निर्माण गरिरहेको छ । फाखेलको महालक्ष्मी खोलाको अवरोध हटाएपछि फाखेल-फर्पिङ सडक सञ्चालन हुनेछ । यो सडक चलेपछि त्रिभुवन राजपथको चाप घटाउन दुईतिरबाट सवारी सञ्चालन गरिने छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असोज २१ गते सोमबार ७ अक्टोबर २०२४ । चतुर्थी, आश्विन शुक्लपक्ष । कौलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:००, सूर्यास्त ५:४१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक चिन्ता | तुला | : परिवारमा हर्ष |
| वृष | : कार्यान्तरणको योग | वृश्चिक | : व्यवसाय फस्टाउने |
| मिथुन | : व्यर्थ भ्रमण | धनु | : नैराश्यता |
| कर्कट | : मान प्रतिष्ठा वृद्धि | मकर | : परिश्रमबाट सफलता |
| सिंह | : धनहानि | कुम्भ | : सम्पत्तिसम्बन्धी विवाद |
| कन्या | : हर्ष थपिने | मीन | : मित्रबाट विरोध |

# के पृथ्वी मान्छेको मात्रै हो ? वन्यजन्तुको होइन !



✍ रोशन शेरचन

हामी मानिसहरू आफ्ना दु:ख-पीडाहरू आफन्त र इष्टमित्रलाई सुनाउँछौं, दु:खबाट त्राण पाउने उपाय निस्किहाल्छ कि भन्ने आशामा । भाषाको सहारा लिन्छौं, जो मान्छेको सबभन्दा भरपर्दो माध्यम हो । मानिसलाई आफ्नो व्यथा अन्यमाझ पुऱ्याउन अहिले प्रविधिको नपत्याउने साथ-सहयोग छ । सामाजिक सञ्जाल मार्फत हामी आफ्ना समस्या विश्वको कुनै पनि कुनामा भएका आफन्तलाई बताउन सक्छौं । तर, वन्यजन्तुसँग त्यस्तो सम्भावना र सुविधा छैन । ऊ पूरापूर प्राकृतिक छ, पशुवृत्तिमै बाँचेको छ । समृद्ध भाषा छैन, शायद भाषा नै पनि नहोला । संकेत छ तर त्यो आममान्छेको निम्ति गूढ नै छ । केही प्राणीशास्त्री बाहेक अरूले त्यसको अर्थ बुझ्न सक्दैनन् । मान्छे आफ्ना सपना, महत्वाकांक्षा र सुख-सुविधाका निम्ति यति भागदौडमा छ कि वन्यजन्तुको दु:ख बुझ्नेतिर चासो छैन, बराबर छ ।

जोड्न खोजेको सन्दर्भ भर्खरको हो-अगस्ट, सेप्टेम्बर महिनाको । केही संचारकर्मी मित्रहरूसँग मानिस र जैविक विविधता, त्यसमा पनि वन्यजन्तुको अन्तरसम्बन्धबारे अन्तरक्रिया गर्न पश्चिम तराईको यात्रामा थियौं । बुटवल, कोहलपुर र धनगढीमा एकदिने गोष्ठी राखिएको थियो । अनुभवी स्रोतव्यक्तिहरूसँग मैले पनि एक सेसन सहजीकरण गर्ने अवसर पाएको थिएँ । नेपालमा इकोसिस्टम, जैविक विविधताको अवस्था कस्तो छ ? इकोसिस्टम र जैविक विविधताको सामुन्ने के-कस्ता जोखिमहरू छन् ? रेखीय पूर्वाधारले (सडक, सिंचाइ नहर, विद्युत् प्रसारण लाइन, रेलमार्ग) जैविक विविधतामा पार्न सक्ने नकारात्मक प्रभावहरू केके हुन् ? यी असरहरूलाई कम गर्ने सम्भाव्य उपाय के हुन सक्छ ? साथै देशीय र विदेशमा अपनाइएका केही प्रभावकारी उपायहरू आदि बारे जानकारी दिएको थिएँ ।

सहभागीमध्ये स्थानीय सरकारका जनप्रतिनिधिहरूको बाहुल्य थियो । साथै थिए, प्रदेश वन निर्देशक, पूर्वाधार कार्यालयका इन्जिनियर, वन कार्यालयका प्रमुख, सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधि, मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका प्रतिनिधि र सञ्चारकर्मी । गोष्ठीको अन्तिम कार्यक्रम धनगढीमा भएको थियो । तीन जना स्रोतव्यक्तिहरूले आफ्ना प्रस्तुति सिध्याएपछि छलफल सेसन सुरु भयो । सहभागीहरूले पालैपालो आफ्ना राय र धारणा राख्दै थिए । म नोट टिप्न व्यस्त थिएँ ।

यसैक्रममा एउटा नगरपालिकाको मेयरले भनिन्- 'वन्यजन्तुले मान्छे मारिरहेछ, घाइते बनाइरहेछ । किन चाहियो वन्यजन्तुमैत्री पूर्वाधार ? मान्छे ठूलो कि जनावर ?' हामी अवाक् भयौं । प्रथम, हामी कसैले मानिसभन्दा वन्यजन्तु महत्वपूर्ण भनेका थिएनौं । हाम्रो उद्देश्य प्रस्ट थियो- वन्यजन्तु र मानिस बीच हुनसक्ने सहअस्तित्वबारे छलफल चलाउने र वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिकाबारे सहभागीहरूलाई जानकारी गराउने । मेयरले मज्जाले कुरा घुमाइन् । नभनेको कुरालाई स्पष्टीकरण दिने कुरा पनि भएन । हामी मौन बस्यौं । मेयर प्रतिनिधि पात्र थिइन् । तर, त्यो घटनाले एउटा जनप्रतिनिधिको जैविक विविधतालाई हेर्ने दृष्टिकोण छर्लङ्ग देखाइदिएको थियो ।

मेरो मनमा प्रश्न उठ्यो । मेयरले त हामीले राखेका विषयलाई स्वागत पो गर्नुपर्थ्यो । हामीले कुरा स्पष्ट राख्न सकेनौं वा उहाँले बुझ्न चाहनुभएन, अनभिज्ञ छु । वन्यजन्तु र मान्छेबीच द्वन्द्व हुनाका अनेकौं कारण छन् । एउटा कारण चाहिं योजना विना गरिने सडक निर्माण हो । वातावरणीय अध्ययन विना निर्माण गरिने स्थानीय वा ग्रामीण सडकले वन वा वासस्थान नष्ट वा खण्डीकरण गरिदिंदा वन्यजन्तु अल्मलिई बस्तीतिर छिर्ने सम्भावना बढेको वैज्ञानिक अध्ययनले देखाएको छ ।

वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिकाले रेखीय पूर्वाधार निर्माण गर्दा संरचनाहरू वन्यजन्तुमैत्री बनाउन किन आवश्यक छ ? प्राविधिक टोलीले अध्ययन गरेर स्वीकृति दिएपछि मात्र विस्तृत सर्भेक्षण गर्नुपर्ने लगायत वन्यजन्तुमैत्री संरचनाको मापदण्ड पनि अनुसूचीमा दिएको छ । वन्यजन्तुसँग वाहन ठोक्किएर दर्जनौं दुर्घटना भएको जगजाहेरै छ । वन्यजन्तु मात्र होइन सवारी चालक र यात्रुको पनि मृत्यु वा घाइते भएको कसैबाट छिपेको छैन । यस्तोमा वन्यजन्तुमैत्री पूर्वाधारले वन्यजन्तुलाई मात्र होइन मान्छेको जीवन पनि सुरक्षित बनाउँछ भनेर बुझ्न कठिन छैन । श्यामश्वेतमा हेर्ने अर्थात् यो कि त्यो ? जस्ता ्वीकृत दृष्टिकोणले समाधानको उपाय दिन सक्दैन । म खिन्नै बनें ।

जनप्रतिनिधिहरूले मतदाताको पक्षमा नै वकालत गर्ने हो तर वन्यजन्तुमैत्री संरचना पनि स्थानीय जनताको पक्षमा छ भनेर बुझ्न आवश्यक छ । बरु पूर्वाधार विकासको नाममा डोजर चलाउने र वातावरणीय सुरक्षालाई प्राथमिकतामा नराख्ने अभ्यास दीर्घकालको निम्ति हानिकारक छ । वन्यजन्तुको प्राकृतिक वासस्थान शहरीकरण, राष्ट्रको समृद्धि र भौतिक विकासको नाममा टुर्क्याइराखेका छौं । वन्यजन्तु आफ्नो घर भत्किएकोमा मानिस कहाँ निवेदन हाल्न आउँदैनन् । निर्दोष प्राणी न परे, आफ्ना समस्याहरू बताउन सक्दैनन् । के त्यसैले हामीले उनीहरूको समस्या अनदेखा गर्नु बुद्धिमानी हो ? प्राणी र प्रकृतिको सुरक्षा मानिसकै सामाजिक दायित्वभित्र पर्दैन र ? वन्यजन्तुको अवस्थाप्रति किन संवेदनशील नबन्ने ? करुणा सुन्दरतम् भाव होइन र ? मान्छे ठूलो कि वन्यजन्तु भन्ने प्रश्नले बहसलाई फलदायी दिशातिर लैजाँदैन ।

वातावरण विज्ञानको दृष्टिमा मान्छे ठूलो कि वन्यजन्तु भन्ने प्रश्नमा, जुन जवाफ छाने पनि गलत हुन्छ । मान्छे र वन्यजन्तु समान रूपमा इकोसिस्टमको इकाई भएकोले के बराबर हुन सक्दैनन् ? मान्छे र प्राणी परोक्ष रूपमा परस्परमा निर्भर हुन्छन् । मान्छे र प्राणी मात्र होइन, वन, वनस्पति, घाँसेमैदान, सिमसार, ढुंगा, माटो, वासस्थान र समग्रमा ल्याण्डस्केप निरन्तर एकआपसमा प्रतिक्रियामा रही खास इकोसिस्टम बन्छ, जहाँ सबै एकआपसमा सूक्ष्म ढंगले जोडिएका हुन्छन् । त्यो खाद्य सञ्जाल भत्किए, सबैको अस्तित्व संकटमा पर्छ । कसैले वन्यजन्तु र उनीहरूको वासस्थानको संरक्षणको पक्षमा बोल्दा परोक्षमा मान्छेकै हितको निम्ति बोलेको हुन्छ । हामीले मात्र हेर्न पाएर पुग्दैन, हाम्रा सन्ततिहरूले यी वन्यजन्तुहरू हेर्न पाउनुपर्छ । अनि पो सहअस्तित्व ।

**कहाँ कहाँ देखिए संकट ?**

नेपालको झण्डै २४ प्रतिशत भूभाग संरक्षित क्षेत्रले ओगटेको छ । संरक्षित क्षेत्र जैविक विविधताको दृष्टिले समृद्ध (बायोडाईभर्सिटी हटस्पट) मानिन्छ । त्यहाँ थरी-थरीका इकोसिस्टमहरू पाइन्छ- वन इकोसिस्टम, घाँसेमैदान इकोसिस्टम, सिमसार इकोसिस्टम आदि ।

त्यति मात्र होइन, वन्यजन्तुहरू एक संरक्षित क्षेत्रबाट अर्को संरक्षित क्षेत्र जान प्रयोग भएका केही जैविक मार्गहरूको पहिचान भई पुनर्स्थापना पनि भइरहेको छ । बरण्डाभार, लमही, काम्दी, खाता, लालझाडी-मोहना, बसन्ता आदि यसका उदाहरण छन् । आहारा, पानी र प्रजननको खोजीमा वन्यजन्तुहरू एक स्थानबाट अर्को स्थानमा विचरण गर्दछन् । तर वन्यवन्तुमैत्री पूर्वाधारको अभावमा सडक दुर्घटनाहरू बढिरहेको छ । तथ्य हेरौं । बाँके राष्ट्रिय निकुञ्जको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९-८० मा साना, मझौला र ठूलो गरी ५५६ वन्यजन्तुको मृत्यु भएकोमा १८७ वटाको मृत्यु प्राकृतिक कारणले (वृद्ध भई, रोग लागेर, आपसमा लड्दा घाइते भई) भएको थियो । दोस्रो प्रमुख कारण भने सडक दुर्घटना थियो ।

वन्यजन्तुले बाटो काट्दा वाहनसँग ठोक्किएर भएको मृत्यु, जसमा १४१ वन्यजन्तुको प्राण गएको थियो । यो पश्चिम तराईको पनि बाँके राष्ट्रिय निकुञ्ज वरपरको तथ्याङ्क । देशभरिको तथ्याङ्क हेर्ने हो भने, यसरी मृत्यु हुने प्राणीको संख्या धेरै गुणाले बढ्नेछ । प्राणीहरूको यस्तो हृदयविदारक अवस्थाबारे सञ्चारकर्मीले किन नलेख्ने ? २३ जुलाई, २०२२ मा चितवनमा निर्माणाधीन सडकछेउको खाल्डोमा मृत गैंडा भेटियो । खाल्डो खुलै छोडिएको रहेछ । सो सडकखण्ड बरण्डाभार जैविक मार्गमा परेकोले खाल्डो खुलै राख्नु जोखिमपूणर् थियो । निर्माण व्यवसायी वा प्रस्तावकको लापरबाहीले एउटा अबोध प्राणीले अनाहकमा जीवन गुमाउनुपऱ्यो ।

कल्पना गर्छु, अन्य दिन झैं साँझ वा बेलुका त्यो अमूक गैंडा निश्चिन्त सुस्त गतिमा सडक पार गरेर उत्तरको जंगलमा जान खोज्दै थियो । घ्याँच्च.. खाल्डोमा जाकियो । अकस्मात् खाल्डोको भुईंमा मुख जोतिएपछि गैंडा निस्सासियो । दाहिने खुट्टा खाल्टोको किनारमा फँसेकोले जति कोसिस गर्दा पनि खुट्टा टेक्नै सकेन । खुट्टाले भर नभएपछि शरीरलाई उठाउन सकेन र उसको भारी शरीर धराप जस्तो साँघुरो खाल्टोमा तड्पिँदैरह्यो । निस्कन घण्टौं प्रयास गऱ्यो, तर सकेन । रात गहिरिँदै गयो । बेलाबखत रात्रिबसको चम्किलो उज्यालो सडकमा छरिन्थ्यो र केही उज्यालो खाल्टोतिर पर्दथ्यो । त्यसपछि अन्धकार पुरानै लयमा फर्कन्थ्यो । दिउँसो भएको भए मानिसले देख्थे, खबर गर्थे र कसैगरी निकाल्थे तर उसको पीडाको सुस्केराहरू अँध्यारोले निलिदियो ।

बाहिर निस्किन नसक्ने देखेपछि उसले आफ्नो बच्चा केटो सम्झियो र सम्झियो परिवारजन । भोक र प्यासले उत्तिकै सताउँदै लगेको थियो । छाला दर्फरिएर रगत बगिरहेको थियो । घाउ चहऱ्याइरहेको थियो । गैंडा शिथिल हुँदै गयो । पशुवृत्तिबाट आफ्नो अन्त्य नजिकै आएको थाहा पाएर अन्तिम पटक आफ्नो केटो र परिवार सम्झेर ठूलो स्वरमा चिच्याएर आँखा चिम्लियो । के प्राणीको फदयविदारक अवस्थामा दु:खी हुनु मूर्खता हो ? के वरपरका ट्रेजेडीहरूमा संवेदित बन्नु कमेडी हो ? सिंचाइ नहर पनि वन्यजन्तुको मृत्युको कारक बनेको छ । बर्दिया राष्ट्रिय निकुञ्जको तथ्याङ्क अनुसार, पछिल्लो पाँच वर्षमा बबई भेरी सिंचाइ नहरमा ७७ वटा वन्यजन्तुको डुबेर मृत्यु भएको छ- पानी खान नहरमा पस्दा नहरको किनार धेरै भिरालो भएर बाहिर आउन नसक्नु र पानीको प्रवाहले बगाउनुले ।

पछिल्लो समय अर्को चुनौती थपिएको छ- तराईमा गाउँ वा नगरपालिकाले माछा पालनको निम्ति निर्माण गरेका पोखरीहरू । पोखरी वरपर छेकबार नहुँदा वा पोखरी किनारको भिरालोपन नमिल्दा त्यहाँ पनि वन्यजन्तु डुबेर मर्ने सम्भावना बढेको छ ।

**जोखिम न्यूनीकरणका प्रयास**

यद्यपि यस दिशातर्फ न्यूनीकरणका प्रयास नभएको होइन । उदाहरण, सिक्टा सिंचाइ परियोजनाको मुख्य नहरमाथि निर्माण गरिएको क्रसिंग । त्यो क्रसिंग स्थानीय बासिन्दाहरूले प्रयोग गर्छन्, वन्यजन्तुहरूले पनि । त्यस्तै सिक्टा सिंचाइ नहर र महाकाली सिंचाइ आयोजनाको वन्यजन्तुमैत्री ऱ्याम्प । यस्ता उपयुक्त डिजाइनले मान्छेको विकासको आवश्यकतालाई पूरा गर्छन् साथै वन्यजन्तुको आवतजावतलाई पनि सहज बनाउँछन् । सन् २०१८ मा नेपालमा पहिलो वन्यजन्तुमैत्री अन्डरपास बन्यो । सडक विभागले नारायणगढ मुग्लिङ खण्डको बरण्डाभार करिडोरमा चार वटा अन्डरपास निर्माण गऱ्यो । बरण्डाभार करिडोर वन क्षेत्र १०७ वर्ग किमीमा फैलिएको छ । र, यसको करिब चार किमी लम्बाइ पूर्व-पश्चिम राजमार्गले काट्दछ । त्यो जैविक मार्ग चितवनमा अवस्थित एक मात्र जंगलपेटी (फरेष्ट स्ट्रिप) हो, जसले चितवन राष्ट्रिय निकुञ्जलाई उत्तरको महाभारत शृंखला हुँदै अन्नपूर्ण संरक्षण क्षेत्रसँग जोड्छ ।

यसको अर्थ, वन्यजन्तु यसै मार्ग भएर महाभारत शृंखला आउजाउ गर्छन् । सीसीटिभी राखी अध्ययन गर्दा १५ थरीका स्तनधारी जनावरले ती अन्डरपासहरू प्रयोग गरेको देखियो जसमा जंगली बँदेल, चितुवा र जंगली बिरालो प्रमुख थिए । छिमेकी भारतले पेन्च बाघ अभ्यारण्यमा राष्ट्रिय राजमार्ग ४४ मा १६.१ किमी लम्बाइको राजमार्ग उठाएर एलिभेटेड ब्रिज बनाएको छ, जसले गर्दा सडक मुन्तिरबाट वन्यजन्तुहरू निर्धक्क ओहोरदोहोर गर्न पाउँछन् । अध्ययनले बाघ, नीलगाई, जंगली बिरालो, हरिण, गौर, जंगली बँदेल, खरायो आदि जनावरले अन्डरपास प्रयोग गरेको देखाएको छ । त्यति नै लामो नभए पनि नेपालले वन्यजन्तुको विचरणको दृष्टिले रणनैतिक महत्वको जैविक मार्गहरूमा एक, दुई किमीको त्यस्ता पूर्वाधार बनाउन आवश्यक भइसकेको छ ।

प्राकृतिक थुम्काहरूमा बेतुकका भ्यूटावर, हरेक वर्षमा बजेट थप्नुपर्ने डोजर चालकले निर्माण गरेका सडकहरूको सट्टामा यस्ता संरचना प्राथमिकतामा पर्नुपर्ने हैन र ? मान्छेलाई मात्र ध्यानमा राखी निर्माण गरिएको विकासलाई कसरी दिगो विकास भन्ने ? पूर्व-पश्चिम राजमार्गको स्तरोन्नतिको निम्ति नेपाल सरकारले वैदेशिक अनुदान लिएको छ । चार लेनको पक्की सडक, सर्भिस लेन र मापदण्ड सहितको स्तरोन्नति भएपछि सवारी साधन थप गतिमा गुड्नेछ । सडक दुर्घटनाको बढ्दो जोखिम कम गर्न वन्यजन्तुमैत्री संरचनाहरू अपरिहार्य भइसक्यो ।

सवारी चालकहरूलाई पनि जैविक मार्गहरू कहाँ-कहाँ पर्छन् भन्ने र वन्यजन्तुको आनीबानी बारे सचेतना दिन जरूरी छ । रेखीय पूर्वाधार परियोजनाको कुल बजेटको एक-दुई प्रतिशत, वन्यजन्तुमैत्री संरचनामा खर्चनुपर्ने बाध्यकारी नीति नबनाउँदासम्म दिगो समाधानको बाटो देखिँदैन भलै कमजोर कार्यान्वयन हामी नेपालीको सदावहार पहिचान बनिसकेको छ । यो मानवकेन्द्रित पृथ्वीमा प्राणीहरूका बारेमा मान्छेले नसोचे कसले सोच्ने ?

*(साभार: अनलाइनखबर)*

# आनन्दको अटुट स्रोत तपाईंभित्र छ

✍ प्रेम रावत

यो संसारमा रहेर तपाईंले एउटा काम गर्नुहोस् । उक्त कामले तपाईंको जीवनमा अझै आनन्दको वृद्धि होस् । राम्रो कुरा अझै बढोस् । तपाईंले आफ्नो जीवनमा त्यो वास्तविक सुख, चैन अनि शान्तिको अनुभव गर्न सक्नुहोस् । यो सबैभन्दा गहिरोसँग बुझ्नुपर्ने कुरा हो- तपाईंले आफ्नो जीवनमा कुन-कुन र कस्ता प्रकृतिका बीउहरू रोपिरहनुभएको छ ? त्यसको बीउले दिएको फलबाट के शान्तिमय वातावरण तयार हुन सक्छ ? त्यो आनन्दमय हुने खालको छ त ? यस विपरीत कतै आफ्नो जीवनमा अझै धेरै अशान्ति बढाउने खालको बीउ रोपिरहनुभएको त छैन ? तपाईं अहिले जे गरिरहनुभएको छ नि, तपाईंले त्यसैको फल पाउनुहुनेछ ।

कतिपय मानिसहरू कहिल्यै पनि परिवारमा सँगै बस्न पाएका हुँदैनन्, किनभने हरेक मानिस आ-आफ्ना काममा व्यस्त हुन्छन् । बालबच्चाहरू केही गर्नै चाहँदैनन् । उनीहरू त आफ्नो त्यही भिडियो गेममा भुल्न चाहन्छन् अनि त्यो भिडियो गेम कहाँबाट आयो ? त्यसलाई तपाईंले नै त ल्याउनुभयो । तपाईंले नै त्यसको बीउ रोप्नुभयो । कुरा त के हो भने परिवारबाट हामीले गरेको अपेक्षाको बीउलाई हामीले कसरी रोपेका छौं । आखिरमा हामीले त्यसैको फल पाउँछौं । यदि हामी आफ्ना साथीहरूसँग छौं भने हामीले ती साथीहरूका बीचमा कस्तो खालको बीउ रोपेका छौं । राम्रो रापेका छौं भने त्यसको फल पनि राम्रै पाइनेछ । नराम्रो रोपेका छौं भने त्यसको फल पनि खराबै हुनेछ । बीउको सन्दर्भमा त कानुन नै यही हो । एउटा भनाइ पनि छ नि- 'बयरको बिरुवा रोपेर कसरी आँप फल्न सक्छ ।' यदि तपाईंले काँडा भएको बीउ रोपेर आँपको अपेक्षा राख्नुभयो भने त्यो कसरी सम्भव हुन्छ र !

कतिपय मानिसहरू जिन्दगीबाट हार मान्न पुग्छन् । तपाईं जोसँग पनि लड्न सक्नुहुन्छ तर तपाईं आफ्नै जीवनसँग लडिरहनुभएको छ । यस्तो किन भयो ? तपाईंसँग यही कुरा त छ अरू के छ र तपाईंसँग ? यदि तपाईंसँग आफ्नो जीवन नै रहेन भने अरू के नै बाँकी रहन्छ र ! केही पनि रहँदैन । यसर्थ यसबाट हार नखानुहोस् । यो जीवनमा जितैजित हासिल गर्नुपर्छ, हार्नुहुँदैन । तपाईं अरूका लागि मात्र होइन, आफ्ना लागि पनि जिउन सिक्नुहोस् । यदि तपाईंले आफ्ना लागि जिउन सिक्नुभएन भने अरूका लागि कसरी जिउन सक्नुहुन्छ र ? नबलेको दियोले अरू दियोलाई कसरी बाल्न सक्छ ? मानिसहरूले त अरूका लागि बाँच्नुपर्छ भन्ने गर्छन् । तर, एउटा निभेको दियोले अरूका लागि कसरी जिउन सक्छ ! वास्तवमा ऊ स्वयम् नै बलेको छैन । सक्षमता तपाईंमा हुनुपर्छ । यदि कुनै घरको छत निकै कमजोर भएका कारण तपाईं स्वयम्ले त्यसलाई थाम्नुपरिरहेको छ भने त्यो घरको के फाइदा हुन्छ र ! त्यो कस्तो छत हो ? कमसे कम घर बाहिरबाट जेसुकै समस्या आए पनि तपाईंलाई रक्षा गर्न सक्ने त हुनुपऱ्यो नि !

यस सन्दर्भमा अकबर र वीरबलका बारेमा एउटा कथा छ । एकपटक अकबरले वीरबललाई पर्खिरहेका थिए। वीरबल नआएपछि अकबरलाई निकै रिस उठ्यो । वीरबललाई बोलाउन पठाएपछि वीरबल आए । अकबरले वीरबललाई भने, 'आज तिमी किन समयमा आएनौ ?' वीरबलले भने, 'हजुर ! मेरो घरमा एउटा सानो बच्चा आएको छ अनि म उसलाई खुशी बनाउँछु भनेर लागिपरेको थिएँ । ऊ केही गरे पनि खुशी भएन ।' राजाले भने, 'यो कुन ठूलो कुरा हो र ! सानो बच्चा हो । उसलाई त एकदमै सजिलै खुशी बनाउन सकिन्छ ।' वीरबलले भने, 'महाराज ! यो कुरा सत्य हुन सक्दैन । बच्चालाई सजिलै खुशी बनाउनै सकिँदैन ।'

तब अकबर भन्छन्, 'बोलाऊ, तिम्रो बच्चालाई !' त्यसपछि उसलाई बोलाइयो । वीरबलले बच्चालाई पहिल्यै सबै कुरा सिकाइसकेका थिए । त्यसपछि अकबरले सोध्छन्, 'तिमीलाई के चाहियो ?' बच्चाले भन्छ, 'महाराज ! मलाई उखु खान मन लागेको छ ।' त्यसपछि उखु मगाइयो । अनि, अकबरले वीरबलतिर हेरेर भन्छन्, 'हेर त, कति सजिलो कुरा छ । बच्चालाई खुशी पार्नु कुनै ठूलो कुरै होइन ।' वीरबल मुसुक्क हाँसे । बच्चा फेरि रुन थाल्यो । अकबरले सोधे, 'अब किन रोइरहेको फेरि ?' बच्चाले भन्यो, 'मलाई यो सिङ्गो उखु चाहिएको होइन । मलाई त साना-साना टुक्रा पारेको उखु चाहिएको हो ।'

राजाले भने, 'यो त एकदमै सामान्य कुरा हो ।' सिपाहीलाई बोलाएर त्यो उखुलाई आफ्नो तरबारले काट्न अराए । सिपाहीले पनि उखुलाई स-साना टुक्रा पारेर काटिदिए । त्यसपछि राजा फेरि वीरबलतर्फ हेर्छन्, 'यो त एकदमै सजिलो कुरा हो । यसलाई खुशी बनाउने कुरा कुनै कठिन कुरै होइन ।' केहीबेरपछि बच्चो फेरि रुन थाल्यो । अकबरले सोधे, 'अब के भयो, अब के चाहियो ?' उसले भन्यो, 'होइन, अब मलाई सिङ्गो उखु चाहियो ।'

त्यसपछि सिङ्गो उखु मगाइयो । सिङ्गो उखु पाउनासाथ त्यो बच्चो जोड-जोडले रुन थाल्यो । अकबरले सोधे, 'अब के भयो, अब के कुरा चाहियो ?' बच्चोले भन्छ, 'मलाई त्यही उखुलाई सिङ्गो पारेर दिनुस् । त्यो सानो-सानो टुक्रा पारेको उखुलाई'.. ।' अब त अकबर पनि हैरान भए । अब त्यो स-सानो टुक्रा पारेर काटेको उखुलाई कसरी सिङ्गो बनाइदिने भनेर सोचमा डुबे ! अब त्यो उखु त फेरि कहिल्यै सिङ्गो हुनै सक्दैनथ्यो ।

भनाइको तात्पर्य के हो भने, हामीले एकपटक गरिसकेको कार्यलाई फेरि फर्काएर उही स्थानमा लैजान सक्दैनौं । बितिसकेको कार्य त बितिहाल्छ, किनभने त्यसमा समय सामेल हुन्छ । एकपटक कुनै चीजमा समय समावेश भइसकेपछि त्यसलाई फर्काउन सकिँदैन । यसर्थ एकदमै सचेत हुनु आवश्यक छ । कोरोना महामारीको समयमा मानिसहरू निकै चिन्ताग्रस्त थिए । हरेक दिन यसबाट पीडित मानिसहरूको संख्या बढिरहेको थियो । मानिसहरू निराश र हताश भइरहेका थिए । त्यस्तो समयका बारेमा मानिसहरूले कल्पना पनि गरेका थिएनन् । सबैभन्दा ठूलो कुरा त के हो भने- 'जुन चीजको तपाईंलाई खोजी छ त्यो तपाईंभित्रै छ ।' कोरोना भाइरस होओस् वा नहोओस्, आफ्नो जीवनमा त्यस चीजलाई चिन्नुहोस् । यदि त्यही चीज तपाईंको आशा र शान्तिको स्रोत बन्यो भने वास्तवमा तपाईंको जीवनमा शान्ति हुनेछ । अनि, त्यही चीज तपाईंको आनन्दको स्रोत पनि बन्यो भने तपाईंको पूरै जीवन आनन्दले भरिपूर्ण हुनेछ ।

कुरा के हो भने तपाईंभित्र रहेको चीज राम्रो, पवित्र अनि अत्यन्तै उत्तम छ । तर, जुन समस्याका कारण मानिस दु:खी हुन्छ त्यो समस्या के हो ? जस्तो एउटा कमिजमा दाग लागेको छ, त्यो मैलो भएको छ भने त्यो कमिज देखेपछि तपाईंलाई मन पर्दैन । अब तपाईं यो कुरा बताउनुहोस्- तपाईंलाई त्यो कमिज राम्रो लाग्छ कि लाग्दैन ? राम्रो देखिँदैन, किनकि त्यसमा दाग लागेको छ । त्यसो भए, कमिज र त्यसमा लागेको दागमध्ये कुनचाहिँ वास्तविक हो ?

क्रमश: पृष्ठ-३....

# झ्याप्ले खोलामा दुई पहिरो बीचमा जिन्दगी



हामी पर-परका सशस्त्र युद्धको विरोध गर्छौं । तर, आफ्नै आँखा अगाडि बेथितिले निम्त्याएको नरसंहारलाई सामान्य ठान्छौं । गत वर्ष भूकम्पले तहसनहस भएको जाजरकोट र रुकुमपश्चिमले अझै उद्धार पाएको छैन । अस्थायी टहरो बनाउन राज्यले दिएको वचन अनुसारको दोस्रो किस्ता पीडितले अझै पाएका छैनन्, स्थायी बासको त कल्पनै नगरौं ।

भूकम्पले तहसनहस बनाएका घर र आफन्त गुमाएका अनुहार उस्तै उदास र विचल्लीमा छन् । ढाड भाँचिएका घाइतेले सही उपचार पाएका छैनन् । जीर्ण टहरोमा जाडो काटे । यसपालिको बर्खा टरेकै छैन । उही टहरोमा दशैं आयो । बालुवाटार, सिंहदरबार र संसद् भवनलाई हेर्नुस् नागरिकको यो भयानक पीडा कहाँनिर महसुस छ ? तीन तहको सरकार सहकार्य गर्दैन । बरु सरकार दशैंका लागि च्याङ्गाको बन्दोबस्त गर्दै होला !

रुकुमपश्चिम छिन्मखेतकी भीमाकुमारीको आन्द्रामा घाउ छ । भूकम्पमा श्रीमान् बिते । टिनको टहरोमा उनी ४ सन्तान सहित गुजारा गर्दैछिन् । गाउँमा गरिबीका कथा अनगिन्ती छन् । शासकहरूलाई देश समृद्धितिर लम्किरहे झैं लाग्छ । हामीलाई युद्ध प्यालेस्टाइन र इजरायल वा युक्रेन र रसियातिर भए जस्तो लाग्छ । आम नागरिक भने चरम शान्तिले थिचिएर निसास्सिएका छन् ।

कर्णाली नाट्य यात्रामा थियो शिल्पी थिएटर । हामी नाटक यात्रालाई आधामै छोडेर काठमाडौं फर्किंदै थियौं । रुकुमपश्चिमबाट रुकुमकोट हुँदै पोखरा आउनु थियो । खुर्कोट पूर्वको मध्यपहाडी लोकमार्ग हामी हिंडिसकेका थियौं । पश्चिमको लोकमार्ग पनि हिंडिने भइएको थियो । परियोजनाको १५ वर्ष बितिसक्दा पनि बाटो लथालिङ्ग नै रहेछ । बेलाबेला पिचरोड आउँदा खुसीले सबैका अनुहार उज्यालो हुन्थ्यो, फेरि आउँथ्यो गाडीको मात्रै हैन मान्छेको पनि करङ भाँच्चिने बाटो । हामीले मेलम्ची भोग्यौं । सुरुङमार्ग भोग्दैछौं ।

नगरकोट र नख्खु सडक समयमा नसकिने यो देशमा लोकमार्ग परलोक मार्ग जस्तो हुनुमा कुनै आश्चर्य भएन । बाटो बन्ने कुराले उत्साहित गाउँलेका सबै उत्साह मरि सके तर बाटो पूरा भएन । रुकुमपश्चिम बाफिकोटमा पर्ने स्यार्पु ताल विशाल रहेछ । रुकुमकोटको कमल ताल पनि उत्तिकै मनमोहक थियो । नदीनाला टम्म भरिएर बगेका थिए । पहाडबाट छाँगा छहरा छङछङ झरेका थिए । पत्रपत्रमा ठडिएका हरिया पहाड सुन्दर देखिन्थे । पर्यटकका आँखाले प्राकृतिक सौन्दर्यको व्याख्या गरेर तिनै पहाडको काखमा बस्ने आम मानिसको पीडा कसरी महसुस गर्न सकिन्छ ?

रुकुम र जाजरकोटको तीनहप्ते जटिल यात्रापछि नाटक टोली पोखरामा बास बस्यो । सबैलाई आरामको खाँचो थियो । मित्र गनेस पौडेलसँग साहित्य र फिल्मका कुरा भए । फिल्म साम्बाला का कुरा भए । मेरो प्रश्न गनेस र राज गौलीलाई थियो: प्राकृतिक सौन्दर्य बाहेक पोखराको खास विशेषता के होला ? उत्तर यहाँ लेख्न मिलेन । अनुप बरालको निर्माणाधीन हंसध्वनि थिएटरमा पुग्यौं । एउटा स्रष्टाले आफ्नो बुताले भ्याउनेभन्दा माथिको काम अनेकौं दु:ख गरेर गर्छ । पछि त्यही नगर र देशको सान बन्छ । लेकसाइडमा साँझ अबेरसम्म अनुप सरसँग रंगमञ्चका सपना र नयाँ कामका बारेमा कुरा भए । पोखराबाट काठमाडौंका लागि हिंड्दा बिहानको नौ बजेको थियो । राज गौली र धर्मेनसँग बिदा भएर हिंड्यौं । गनेस पौडेलले बाटोमा समाए । एउटा सानो पोको थमाए- बालेन शाहलाई गिफ्ट । उहिले कृष्णप्रसाद कोइरालाले तत्कालीन राणा प्रम चन्द्रशमशेरलाई पठाएको उपहार जस्तो त हैन होला ? पठाउनै परे ओली सरकारलाई पठाउनुपर्ने हो । गनेसलाई प्रश्न गरिनँ । नगर प्रमुखको उपहार जतनले राख्यौं र उत्साहले अघि बढ्यौं ।

पृथ्वी राजमार्गमा हिंड्दा अचेल नारायण वाग्लेको याद आउँछ । उहाँ व्यास नगरपालिका, बेलटारी जामुनेबाट ३ किलोमिटर लम्किएर कफीकै लागि दमौली आउने हो कि के हो ? सिद्धार्थ होटलले दमौलीमा भर्खरै आफ्नो नयाँ शाखा खोलेको रहेछ । नयाँ भएकोले कफी सस्तोमा दिने रहेछ । हामीले नारायण दाइलाई त्यहीं भेट्यौं । दाइका खेतीबालीका कुरा पनि सुन्यौं । त्योभन्दा बढी राष्ट्रिय राजनीतिका कुरा भए । गफगाफको विशेष लाइन थियो: कम्बलले छोपेको बिरालोले आखिर म्याउँ गर्‍यो ।

हाइवेको खानाको सरसफाइ र मूल्यमा कसैको चासो छैन । मुग्लिनमा खाना खाएर कुरिनटारसम्म पुग्दा बाटो सफाचट थियो । प्रहरी पोष्ट वा सडक विभाग कसैको केही सूचना हामीले पाएनौं । मित्र बसन्त बस्नेतको किताब विमोचनमा पुग्न सकिएन भनेर हाम्रा टोली सदस्य तथा नागरिक आन्दोलनका जुझारु युवा पवन थापा दु:खी थिए । तर, भारी वर्षाको कारणले विमोचन स्थगित भएको खबरले उनी दु:खी भएनन् ।

किनभने उनलाई त्यस कार्यक्रममा जसरी पनि उपस्थित हुनु थियो । हामी सोसल मिडियामा हेर्दै थियौं निरन्तरको वर्षाले काठमाडौंलाई विद्रोही सैनिकहरूले झैं घेर्दै थियो । फिल्म, पुस्तक तथा सार्वजनिक कार्यक्रम स्थगित हुँदै थिए । उसरी नै हामी ५ बजेदेखि जाममा पर्‍यौं । जाम सर्दै हामी झ्याप्ले खोलामा पुग्यौं, राति ८ बजे । त्यहाँ रोकिएपछि हामी त्यहाँबाट सर्न पाएनौं ।

झमझम पानी परेको छ निरन्तर, निरन्तर । गाडी अगाडि बढेको छैन । सबैको आशा थियो अगाडिको पहिरो हटाइयो भने हामी त्यहाँबाट अघि बढ्न सक्नेछौं । आधिकारिक जानकारी लिने कुनै स्रोत थिएन । पुलिसलाई १०० मा फोन गर्दा पनि हामीले केही सूचना पाउन सकेनौं । बाटो खुल्ला र अघि बढौंला भन्ने आश बाहेकको अर्को विकल्प भएन । अनेकौं शंका र डर सहित हामी रात काट्दै थियौं ।

अचानक नजिकै कतै पहिरो खसेको आवाज सुनियो । घरी चट्याङको आवाजले डरायौं । चट्याङ पर्दा पनि पहिरो नै हो कि भन्ने डरले हामी त्रसित हुन्थ्यौं । कति पटक त डरले चट्याङलाई पहिरो ठानेर हामी गाडीबाट हतार हतार ओर्लिएर भाग्थ्यौं । ठूलो पानी परेको हुनाले निस्किएर कतै जाने हिम्मत आएन । पहिरो पर कतै गएको छ हामी सुरक्षित ठाउँमै छौं भन्ने अनुमान थियो ।

गाडीको झ्याल खोले पानी छिर्ने, बन्द गरे निसास्सिने । जेनतेन म तन्द्रामा गएछु । 'बचाउ बचाउ" आवाजले म झल्याँस्स भएँ । कसलाई के भएको हो पत्तो छैन । कहाँ जाने कसरी जाने केही विकल्प भएन । केही मानिस रुँदै आत्तिदै कुदिरहेका थिए ।

एक जना विदेशी महिला बजारको भीडमा बाउआमाबाट छुटेर हराएको बालक झैं रुँदै थिइन् । चालकले उनी चढेको गाडीका यात्रुलाई भाग भनेपछि उनी पनि ओर्लिएर भागिछन् । गाडी र गाडीका साथीलाई उनले कहाँ छोडिन् थाहा भएन । केही हिलाम्मे मानिसहरू कुद्दै थिए । थाहा लाग्यो कतै नजिकै पहिरो गयो । ओर्लिएर गाडीको दायाँपट्टिको पहाड हेर्‍यौं । सहीसलामत नै थियो । चालक मीनजीले अगाडि पछाडिका गाडीलाई निवेदन गरेर किनारको हाम्रो गाडीलाई भित्तातिर च्यापेर सडकमा सारे । एकछिनमा हल्ला कम भयो । ती विदेशी महिला कता गइन् थाहा भएन । यसरी नै रात बित्दै थियो ।

झिसमिसेमा यात्रुहरूको चहलपहल भयो । अनि थाहा लाग्यो हाम्रो गाडीको सय मिटर अगाडि ठूलो पहिरो गएको रहेछ । दुई वटा ठूला यात्रु बस पहिरोले ध्वस्त छन् । एउटा माइक्रो बसको छतको टुप्पो हिलोमाथि देखियो । आ-आफ्ना अनुमान र डरसँगै उज्यालो भयो । मानिसहरू हिंडेर जाने निर्णय गर्दै थिए । अगाडिको पहिरो पार गरेर बाहिर निस्कने सम्भावना रहेनछ । केही यात्रुले कोसिस गरे तर हिलोमा गाडिए । एक जना रेनकोट धारी सिपाही देखिए । उनले अगाडि नजान अनुरोध गरे । यात्रुहरू पछाडि नै फर्किए ।

हाम्रो टोली पनि हिंडेर जाने विकल्प खोज्दै थियो । पछाडि पनि करिब २०० मिटर पर पहिरो खसेको रहेछ । हिलो त्यति गहिरो नभएकोले त्यहाँबाट जान सकिने अरू यात्रुहरूले बताए । साँच्चै संकटमा परेको र केही विकल्प नदेखिएकोले मैले बिहान ४:३० मा फेसबुकमा आफ्नो स्थिति लेखें । सोही कुरा ट्विट गरें । केही समयपछि साथीहरूका चिन्ता र सान्त्वना मिसिएका फोन आए । धेरै शुभचिन्तकका म्यासेज आए । एक जना सत्तासीन पार्टीका प्रभावशाली नेताको पनि फोन आयो ।

उनले भने : 'के सहयोग चाहिएको छ ?'

मैले भनें : 'साथीहरू बिरामी पनि भएको र ठूलो पानी परिरहेकोले रेनकोट सहित पुलिस वा आर्मीले हामीलाई पहिरोबाट पार लगाइदिए हामी हाम्रो बाटो आफैं पहिल्याउँथ्यौं ।'

उनले गृहमन्त्रीसँग कुरा गरेर स्थितिको जानकारी गराउने बताए । करिब आधा घण्टा पछि मोबाइल फोनमा ती नेताजीको बहुत निराशाजनक म्यासेज आयो । पत्रकार किरण भण्डारीले निकै ताकेता गरे सहयोग जुटाउन । पत्रकार देवेन्द्र भट्टराईले धादिङका सिडियोको मोबाइल नम्बर पठाइदिए । सिडियोले निकै हँसिलो बोलीमा फोन उठाए तर उद्धारको कुनै सम्भावना नरहेको आत्मविश्वासका साथ बताए । हरेक प्रकोपले शासकहरूको औकात नाप्छ । साम्यवादीहरूको सामन्तवादी चरित्र देखाउँछ । समाजवादीहरूको पूँजीवादी स्वभाव देखाउँछ । बाढी आओस् कि आँधी आओस्, डडेलो लागोस् कि भूकम्प आओस् शासकहरू समय घर्किसकेपछि शोक उत्सव मनाउँछन् । सत्तामा बसेकाहरू उत्तरदायित्वबाट पन्छिन पीडितलाई राहतको घोषणा गर्छन् र केही महिनापछि बिर्सन्छन् ।

शान्तिका नाममा नागरिकले खुसुखुसु ज्यान गुमाउनु र सत्तामा बसेकाहरू विलासितामा रमाउनुभन्दा सत्तामा बसेकाहरूका विरुद्ध हतियार उठाउनु ठिक जस्तो लाग्यो । हामीले पछाडि फर्किने निर्णय गर्‍यौं । तर माथिबाट पहिरो खस्न निरन्तर थियो । माथिबाट खसिरहेको पहिरोलाई छल्दै पछाडि फर्किने कि त्यहीं बसेर दुर्घटना कुर्ने ? दुई ठुला पहिरोको बीचमा छौं । यस्तो लाग्दै थियो पहिरोले हामीलाई च्याप्दै थियो । आतेस र डरले सबैका ओठ-तालु सुकेका छन् । यस्तो बेलामा निर्णय गर्ने क्षमता पनि हराउने रहेछ ।

हामीले हाम्रा चालकसँग सल्लाह गर्‍यौं । चालकले गाडी छोडेर जान नमिल्ने बताए । तर, गाडीकै कारणले सबै जना त्यो जोखिममा बस्ने कि नबस्ने त ? मैले चालकलाई फेरि सोधें: सबै साथीहरूलाई यही जोखिममा राख्ने कि जान दिने त ? उनले भने: 'जाँदा हुन्छ । म अरू गाडीका चालकहरूसँग हुन्छु । तपाईंहरू जानुस् ।' यो निर्णय ज्यादै निर्दयी किसिमको थियो । तीन हप्ता सँगै यात्रा गरेका मीनकुमार श्रेष्ठ नाटक टोलीको सदस्य झैं भएका थिए । पहाडी र अप्ठ्यारा बाटाहरूमा हरेक जोखिमबाट बचाएर उनले यत्रो दिन हामीलाई सुरक्षित राखे ।

अहिले उनलाई नै छोड्नुपर्ने स्थिति आयो । केही हजार रुपैयाँ उनको हातमा थमाएर निन्याउरो अनुहार लगाउँदै हामीले त्यहाँबाट निस्कने निर्णय गर्‍यौं । पहिरो खस्न कम भएको बेला झटपट पार गर्ने निर्णय गर्‍यौं । माटोको लेदोको भास भएकाले दगुर्न पनि सकिंदैनथ्यो । हामीले एकएक गर्दै त्यसरी नै पार गर्‍यौं । आधा साथीहरू कटेपछि त्यही ठाउँमा निकै ठूलो पहिरो गयो । एकछिन साथीहरू रोकिए । फेरि पहिरो कम भएपछि बाँकी साथीहरू उसरी नै पार भए । हामीसँगै मानिसहरूको लस्कर थियो । १३ घण्टाको भयावह स्थितिपछि हामी संकटबाट निस्किएका थियौं ।

सबै जना भारी वर्षाले भिजेका पहिरोको हिलोले रंगिएका । अब त हप्तौं हिंड्नु परे पनि हामीसँग भयंकर उत्साह र हिम्मत थियो । मृत्युको मुखबाट उम्किएको मानिस यस्तै हुन्छ होला सायद । साथमा बिरामी छन् । उकालो हिंड्न नसक्ने बच्चा र वृद्धहरू छन् । कोही ज्यादै मोटा मानिस छन् । कसैका पढाइका भिसा लागेका वा कामको भिसा लागेका विदेशी उडान छुटेका छन् । कसैले आफ्ना ठूला झोला पनि माया मार्न नसकेर बोकेर आएका छन् । एकअर्कालाई सहयोग गर्दै अघि बढ्यौं ।

करिब ४ घण्टा हिंडेपछि हामी थानकोट आइपुग्यौं । लाग्यो: हामी त राजधानीबाट धेरै टाढा रहेनछौं । तर, पनि सरकारका लागि हामी पुग्नै नसकिने दूरदराजमा थियौं । हामी हिंड्दासम्म एउटा लुखुरे सिपाही बाहेक सरकारको उपस्थिति शून्य थियो । जनताको पसिनाबाट पालिएका सेना कहाँ थिए, प्रहरी कहाँ थिए ? पानी रोकिएपछि र पहिरो खस्न रोकिएपछि दुर्घटनाग्रस्त क्षेत्रको राजकीय भ्रमणमा जाने तयारीमा थिए सायद ।

थानकोटमा हामीले गाडी समायौं र मुफ्तमा मिलेको जीवनको लामो श्वास फेर्‍यौं । मोबाइल फोन अफ थियो । समाचारहरूबाट बेखबर थियौं । घर पुगेपछि थाहा लाग्यो काठमाडौंले काठमाडौंलाई नै बचाउन सकेको रहेनछ । गुहार माग्दामाग्दै सहयोग नपाएर राजधानीमै दर्जनौंले ज्यान गुमाइसकेका रहेछन् । देशभरमा सयौं नागरिकले ज्यान गुमाइसकेका रहेछन् । हामी बाँचेर फर्किएकाको के कुरा भयो र ? सबैभन्दा ठूलो विडम्बना के भने यस्ता निर्दयी नेताहरूलाई जिताउन आगामी चुनावका लागि एकथान भोट बाँचेर आएछु । अनि यिनै निरीह जीवनले कथित लोकतन्त्र जोगाउने जिम्मा लिनुपर्ने ।

भोलिपल्ट बिहान थाहा लाग्यो, हामी अघिल्तिरको पहिरोले पुरिएका गाडीहरूबाट ३५ वटा लास निकालिएछ । आफन्त गुमाएका परिवार, घर-सम्पत्ति बगाएका परिवार र खेतबारी बगाएका किसानका दु:खले फेरि वर्षौंसम्म चहराइरहने घाउ भएका छन् । शासन गर्नेहरूले यो सबै केही दिनमै भुल्ने छन् । विलासितामा मस्त हुनेछन् । २०७२ को भूकम्प, कोरोनाकाल, त्यसपछिका प्राकृतिक प्रकोप र विनाशलाई हेरौं । शासकहरू नागरिकको दु:खमा राजनीति गरिरहेका छन् । बाहिरबाट हेर्दा शान्ति छ तर चरम बेथिति भएको देश युद्धग्रस्त मैदान झैं क्षत-विक्षत हुने रहेछ । यसरी मर्नुभन्दा साँच्चिकै युद्ध लड्नु ठिक को कि ?

*(स्रोत: अनलाइनखबर)*

# शनिबार पनि हलमा देखियो 'बेहुली फ्रम मेघौली'को क्रेज



काठमाडौं/नेपाली फिल्मको इतिहासमै सर्वाधिक सोज पाएको फिल्म 'बेहुली फ्रम मेघौली'को ओपनिङ उत्साहजनक रह्यो । प्रदर्शनको पहिलो दिन ८० लाख कमाएको फिल्मले शुक्रबार पनि काठमाडौंसहित ठूला सहरहरूमा सुखद् अकुपेन्सी हासिल गरेको थियो । शनिबार भने फिल्मले व्यापारमा उछाल कायम गरेको छ । बिहानैदेखि देशभरका प्राय: हलमा फिल्म हेर्ने दर्शकको चाप उल्लेख्य देखियो ।

देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्स अन्तर्गत काठमाडौंका लबिम, सिभिल, छाँया सेन्टरसहित अन्य ठूला मल्टीप्लेक्सहरु बिग मुभिज, आईएनआई, एफक्यूब, रञ्जना, वान सिनेमाज लगायतमा शनिबार बिहानदेखि साँझसम्मका धेरैजसो सोज 'हाउसफुल' रहे । नारायणगढ, बुटवल, इटहरी जस्ता सहरमा पनि शनिबार फिल्मले उच्च व्यापार गरेको वितरक कम्पनी डिसिएनले जनाएको छ ।

प्रदर्शनकै दिनदेखि फिल्मकी अभिनेत्री तथा निर्मात्री स्वस्तिमा खड्कासहितको टिमले काठमाडौंका विभिन्न हलमा पुगेर दर्शकसँग साक्षात्कार गरिरहेको छ । शनिबार पनि यो क्रम जारी रह्यो । स्वस्तिमा हलहलमा पुग्दा उनीसँग भेट्न र फोटो खिच्न दर्शकहरुबीच ठूलै हानाथाप चलेको देखिन्थ्यो । उनले हलभित्रै फिल्मको लोकप्रिय गीत 'केही नभने है..'मा दर्शकसँग नाचेर रमाइलो पनि गरिन् ।

शनिबार केही हलमा फिल्मका अभिनेता तथा निर्माता निश्चल बस्नेत पनि दर्शकसँग भेट गर्न पुगेका थिए । उनीसँग पनि फोटो खिच्न दर्शकहरुबीच तँछाडमछाड नै चल्यो । तर, फिल्ममा निभाएको भूमिकामा कारण केही महिला दर्शकले भने उनलाई झापड हान्ने प्रतिक्रिया समेत दिएका रहेछन् । यद्यपि, फिल्मलाई एकदमै राम्रो प्रतिक्रिया आइरहेकाले आफू खुसी रहेको उनले बताएका छन् ।

'फिल्ममा अभिनय गर्ने सबै कलाकारले एक किसिमको प्रशंसा पाउनु भएको छ । त्यो कुराले मलाई अझ ज्यादा खुसी मिलेको छ,' उनी भन्छन्, 'मैले फिल्मको तीन दिनको कलेक्सन चाहिँ वितरकबाट बुझ्न पाएको छैन । दर्शकको उपस्थिति हेर्दा व्यापारले सास फेर्न सकिएला कि भन्ने लागेको छ ।' स्वस्तिमा पनि पहिलो दिनदेखि दर्शकले दिएको साथ र प्रतिक्रियाले प्रफुलित देखिएकी छिन् ।

# २५ वटा फिल्म पुर्‍याउन चाहन्छन् तुलसी घिमिरे, भन्छन्, 'त्यसपछि आत्मसन्तुष्टि होला'



काठमाडौं/नेपाली फिल्मको 'स्वर्णिम युग' हाँक्ने निर्देशक हुन्, तुलसी घिमिरे । उनको उदयपछि नेपाली फिल्मले व्यावसायिक छलाङ मारेको थियो । 'बलिदान', 'दर्पण छाँया', 'चिनो', 'कुसुमे रुमाल', 'लाहुरे' जस्ता एकसेएक सुपरहिट र यादगार फिल्म दिएका उनले पछिल्लो पटक सन् २०१७ मा फिल्म 'दर्पण छाँया २'को निर्देशन गरेका थिए । यो फिल्म प्रदर्शनमा आएको पनि ७ वर्ष बढी भइसकेको छ ।

यस वर्ष भने निर्देशक घिमिरे एउटा नयाँ फिल्म निर्माणको तयारीमा छन् । 'पहाड' शीर्षकमा बन्न लागेको फिल्ममा अभिनेता विपिन कार्की अनुबन्ध भइसकेका छन् भने महजोडी अर्थात् मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य पनि जोडिने सम्भावना प्रवल छ । निर्देशक घिमिरे भदौबाटै छायांकन सुरु गर्ने तयारीमा थिए । तर, विभिन्न कारणले अब आगामी कात्तिकपछि मात्र छायांकन हुने भएको छ ।

'पहाड' निर्देशक घिमिरेको २३औं फिल्म हुनेछ । उनी अझै दुईवटा फिल्म बनाउन चाहन्छन् । उनले हालै एक पोडकास्टमा भनेका छन्, 'फिल्म क्षेत्रमा निर्देशकहरुले २५ वटा फिल्म निर्देशन गरेपछि वैतरणीका लागि गाई दान गर्नु पर्दैन भन्ने गरिन्छ । मेरो २३ वटा पुगिसकेछ । अब दुईवटा पुर्‍याउने अठोट चाहिँ छ । अझै दुईवटा गरेर २५ पुग्यो भने आत्मसन्तुष्टि होला कि भनेर लागिरहेको छु ।'

'पहाड'लाई आगामी नयाँ वर्षमा रिलिज गर्ने उनको तयारी छ । पछिल्लो समय बढ्दो बसाइँसराइले रित्तिँदै गएको पहाडी भूगोलको कथामा उनले फिल्म बनाउन लागेका हुन् । खासमा निर्देशक घिमिरे 'दर्पण छायाँ २' नचलेपछि फिल्म बनाउने सोचमा नै थिएनन् । तर, जानेको र सिकेको फिल्म 'मेकिङ' भएकाले उनी यसबाट टाढा बस्न सकेनन् । र, ७ वर्षपछि निर्देशनमा फर्किन लागेका हुन् ।

# के छ 'छक्का पञ्जा ५'को ट्रेलरमा ?

काठमाडौं/'छक्का पञ्जा' फ्रेन्चाइजको पाँचौं श्रृंखला यही बिहीबार फूलपातीदेखि प्रदर्शनमा आउने तयारीमा छ । 'बिहे भाको छैन' र 'ब्रेकअप' गीतले फिल्मको राम्रो 'हाइप' निर्माण गर्दा ट्रेलर भने प्रदर्शनको ५ दिनअघि सार्वजनिक गरिएको छ । शनिबार सार्वजनिक ट्रेलरले फिल्मको कथावस्तुबारे जानकारी गराउँछ । ट्रेलर हेर्दा फिल्मले सरकारी कार्यालयमा व्याप्त भ्रष्टाचारको कथा उठाएको देखिन्छ ।

'छक्का पञ्जा' श्रृंखलाका 'राजा' पात्र अर्थात् अभिनेता दीपकराज गिरी सरकारी कर्मचारीको भूमिकामा छन् । भ्रष्टाचार नगर्ने संकल्प लिएका उनीमाथि आइपर्ने संकट र उमेर ढलिकँदा पनि विवाह हुन नसकेको प्रशंगलाई हाँस्य शैलीमा देखाइएको छ । पछि उनको विवाह अभिनेत्री वर्षा सिवाकोटीसँग हुन्छ । कलाकार केदार घिमिरे (माग्ने बुढा) भने राजा पात्रको साथीको भूमिकामा प्रस्तुत छन् ।

दीपाश्री निरौलाको निर्देशन रहेको फिल्ममा निर्मल शर्मा, राजाराम पौडेल, रमेश बुढाथोकी, प्रकाश घिमिरेलगायतको पनि अभिनय छ ।

फिल्ममा अभिनेता आर्यन सिग्देल केमियो भूमिकामा छन् । हरि हुमागाइँको डिओपी तथा उत्तम हुमागाइँको छायांकन रहेको फिल्ममा दीपकराज स्वयंको पटकथा लेखन छ भने कथा तथा संवादमा उनलाई केदार घिमिरे र दीलिप तामाङले सघाएका छन् ।

'छक्का पञ्जा'को अघिल्ला चार श्रृंखला ब्लकबस्टर भएकाले पाँचौं श्रृंखला पनि सफल हुने आधार बलियो छ । तर, यसपटक चुनौती ठूलो देखिन्छ । फूलपाती (असोज २४)मै अरु दुईवटा नेपाली फिल्म '१२ गाउँ' र 'ज्वाइँ साब' आउन लागेकाले 'छक्का पञ्जा ५'लाई असर गर्न सक्ने आँकलन कतिपयको छ । तथापि, '१२ गाउँ' र 'ज्वाइँ साब'भन्दा 'छक्का पञ्जा ५'ले ज्यादा शोज पाउने निश्चित छ ।

# आनन्दको अटुट स्रोत...

कमिज त कमिज नै हो । त्यस कमिजमा लागेको दागलाई त धुन सकिन्छ । हटाउन सकिन्छ । त्यसको दाग हटेपछि तपाईंले देख्नुहुनेछ- त्यो कमिज वास्तवमा कस्तो छ ! यदि तपाईं कुनै चीजलाई धुनुहुन्छ भने धुनुको अर्थ दाग हटाउन सकियोस् भन्ने हो । त्यसै गरी, जुन मैलो लागेको हुन्छ, जुन दु:ख-कष्ट मानिसलाई हुन्छ त्यो उसको भ्रमका कारणले हुन्छ । मानिस भ्रमित भएपछि जे स्पष्ट छ, जे यथार्थ हो, त्यसलाई उसले देख्न सक्दैन । यद्यपि त्यो मैलो हटेपछि वास्तविक रूप कस्तो छ, उसले देख्न सक्छ ।

हामीले आफ्नो जीवनमा, आफ्नो काँधमा विनाकामको बोझ उठाएका छौं । जुन हामीलाई केही काम लाग्दैन । यसले अहिले पनि तपाईंलाई दु:ख दिइरहेको छ र पछि पनि दु:ख दिइरहन्छ । जबसम्म तपाईं त्यस बोझलाई आफ्नो काँधबाट तल राख्नका लागि सोच्नुहुन्न, त्यसको उपायका बारेमा जानकारी लिनुहुन्न तबसम्म त्यो बोझ भइरहनेछ । परिणामत: तपाईंले आफूभित्र रहेको चीजको फाइदा लिन सक्नुहुन्न । किनभने, मनका कामनाहरू हुन्छन्, मन त प्रिन्टर जस्तै हो । यसले फोटो प्रिन्ट गरिर हन्छ- 'हेर्दा यस्तो हुनुपर्छ, उस्तो हुनुपर्छ ।' जिन्दगीमा ती कुराहरू प्राप्त नभएपछि मानिस दु:खी हुन्छ- 'मेरो यो इच्छा पूरा भएन । मेरो यो कुरा पूरा भएन ।'

हामी आफ्नो जीवनमा के चाहन्छौं भन्ने कुरा त हामीमाथि नै निर्भर रहन्छ । कसैलाई पनि निराशा मन पर्दैन । दु:ख कसैलाई पनि राम्रो लाग्दैन । यसर्थ हामी सबै दु:खबाट बच्न चाहन्छौं । हामी सबै निराशाबाट बाहिरिन चाहन्छौं । सबैले निराशा नहोओस् भन्ने चाहना राख्छन् । यद्यपि जबसम्म हामीले यस्तो स्रोत खोज्दैनौं जुन स्रोतबाट केवल आशा नै आशा मात्र प्राप्त हुन्छ, तबसम्म हाम्रो जीवनमा दु:ख नै नहोओस्, निराशा नै नआओस् भन्ने कुरा कसरी सम्भव होला र ! किनकि, हामीलाई थाहा नै हुँदैन । हामीले आफूभित्र बसेको आनन्द र हामीभित्र अवस्थित परमात्मा हाम्रै स्रोत हुन् भन्ने कुरा बुझेपछि हामी कहिल्यै पनि निराश हुनुपर्दैन । चाहे जेसुकै होओस्, हाम्रो जीवनमा उनी सधैं हाम्रो साथमा छन् । दु:खमा अनि सुखमा पनि । तिनै एउटा यस्ता चीज हुन् जसले दु:खमा पनि हामीलाई सुख दिन सक्छन् । अनि, उनी नै एउटा यस्ता चीज हुन् जसले सुखमा रहँदा पनि सुखलाई अझै बढाउन सक्छन् ।

कति व्यक्तिहरुले इनार खन्छन्, अनि इनार खनेपछि पनि त्यो सुकेर जान सक्छ । सुकेपछि अनि उनीहरु चिन्तित हुन्छन् । वर्षातको मौसम आएपछि थोरै-थोरै गरेर त्यसमा पानी जम्मा हुन थाल्छ । त्यसपछि त्यो इनार भरिन्छ । तसर्थ, यस्तो इनार चाहिन्छ जुन इनार सधैंभरि गर्मी या जाडोमा, वर्षात या सुख्खा समयमा पनि भरिएको होओस् । त्यस्तो कुनचाहिँ वस्तु छ ? त्यस्तो चीज तपाईंभित्रै छ ।

*(साभार: न्यूज अफ नेपाल)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

**अब निराश नहुनुहोस्...**

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरु:**



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

# सिस्नेरीमा ६ बालक मृत्युको घटनामा छानबीन गर्न सरकारलाई निर्देशन




साझाकुरा संवाददाता

हेटौंडा, १९ असोज/ मकवानपुरको उत्तरीक्षेत्रस्थित इन्द्रसरोबर गाउँपालिका-३ सिस्नेरीमा रहेको बत्सलादेवी माविस्थित एन्फा एकेडेमीका ६ बालकको मृत्युको घटनामा छानबीन गर्न सरकारलाई निर्देशन दिइएको छ ।

विद्यालय परिसरमा विगत एक वर्षदेखि अखिल नेपाल फुटबल संघ (एन्फा)ले सञ्चालन गरेको एकेडेमीका ६ जना बालकको गत शनिबार पहिरोमा परी निधन भएको थियो । मकवानपुरका अनुपम घलान, दिवस बानियाँ र सुमन योञ्जन, काठमाडौंका रियान्स आचार्य, सर्लाहीका आदित्य बलम्पाकी र बाराका विकल रेग्मीले ज्यान गुमाएका थिए । घटनाबारे छानबीन गर्न प्रतिनिधिसभाको संसदीय समितिले सरकारलाई सिफारिस गरेको छ ।

घटनामा एन्फा नेतृत्व र विद्यालय व्यवस्थापन समितिको लापरबाही र गैरजिम्मेवारीपन देखिएपछि समितिले छानबीनको सिफारिस गरेको उल्लेख गरिएको छ । पूर्वाधार विकास समितिको बैठकमा समिति सभापति दीपकबहादुर सिंह, माओवादीका सांसद माधव सापकोटालगायत सांसदले ६ बालकको मृत्यु भएको घटनालाई लिएर गम्भीर सरोकार राखेका थिए ।

पूर्वाधार विकास समितिको शुक्रवारको बैठकले छानबीन समिति बनाउने निर्णय गरेको सभापति सिंहले जानकारी दिए । '६ युवा खेलाडीको मृत्यु भएको छ । त्यसदिन के कस्तो भएको हो ? कुलेखानीलगायत त्यसआसपास भएका क्षति र त्यसको कारण के हो ? त्यसका विषयमा छानबीन समिति बनाउने निर्णय भएको छ । दशैंपछि समितिलाई पूर्णता दिनेछौं' उनले भने ।

अनाहकमा ६ जना होनाहार बालकको ज्यान गएको भन्दै यो विषयमा गम्भीर अनुसन्धान आवश्यक रहेकोमा उनीहरुले जोड दिए । समितिले सरकारलाई निर्देशन दिएको हो । एन्फाले १४ वर्षमुनिका ४० जना विद्यार्थीलाई पढाउने र फुटबल प्रशिक्षण दिने गरी मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-३ स्थित वत्सलादेवी माविमा राखेको थियो ।

अघिल्लो बिहीबार रातिबाट सुरु भएको अविरल वर्षाका कारण कुलेखानीको ड्यामका दुई ढोका खोलिएपछि विद्यालयबाट सुरक्षित स्थानतर्फ जाने क्रममा विद्यार्थी सिस्नेरीको पहिरोमा परेका थिए । मृत्यु भएकाहरुका परिवारजनले एन्फा र विद्यालय व्यवस्थापनमाथि प्रश्न उठाएका छन् । विद्यालयले प्रहरीसँग कुनै समन्वय नगरिकन बालकलाई असुरक्षित बाटोबाट भगाएकोमा उनीहरु क्रुद्ध भएका हुन् ।

सांसद सापकोटाले काठमाडौंमै राम्रो होस्टेलसहितका विद्यालय हुँदाहुँदै त्यस्तो असुरक्षित ठाउँमा लगेर राखिनु सन्देहपूर्ण देखिएको बताए । खेलाडी घाइते भएको खण्डमा तत्काल उपचार गराउन नजिकै अस्पतालसमेत नभएको उनले बताए । उनले यसलाई एउटा प्राकृतिक विपत्तिमात्र भनेर पन्छाउन नमिल्ने भन्दै गहिरो अनुसन्धान हुनुपर्ने बताए । एन्फाका पूर्वअध्यक्ष गणेश थापाले बालकलाई सिस्नेरी पुर्‍याइनुमा एन्फा एकेडेमीको गलत नियत भएको आरोप लगाएका छन् ।

एन्फा नेतृत्वले अहिलेसम्म यो घटनालाई लिएर न आफ्नो तर्फबाट सामान्य छानबीनसम्म गरेको छैन न त घटनाप्रति कुनै जवाफदेहिता नै प्रस्तुत गरेको छ । त्यसैले पनि मृतक बालकका आफन्तजन एन्फाप्रति क्रुद्ध भएका हुन् । एकेडेमीका संयोजक सुवासचन्द्र ठकुरीले भने घटना हुनुमा नेपाल विद्युत प्राधिकरणको दोष देखाएका छन् । उनले मिडियामा भनेका छन्, 'सामाजिक सञ्जालमा सूचना जारी गरेको भरमा कुलेखानी ड्यामका दुवै ढोका खोलेर पानी छोडिदिएपछि भाग्नुको विकल्प नै भएन ।'

# थाहाका होटलमा उपप्रमुख गेपालीको छड्के

साझाकुरा संवाददाता

हेटौंडा, १९ असोज/ मकवानपुरको थाहा नगरपाकिा उप-प्रमुख भरत गोपालीसहितको टोलीले दामन सीमभन्ज्याङ क्षेत्रको होटलमा छड्के अनुगमन गरेको छ ।

१८ असोज दिउँसो थाहानगर प्रहरी र न्युज २४ टिभिका पत्रकारसहितको टिमले छड्के चेक गरेका हुन् । काठमाडौं प्रवेश गर्ने अन्य नाका बन्द रहेको अवस्थामा सवारीसाधन थाहानगर हुँदै गुड्ने हुँदा यात्रुहरु नठगिउन र गणुस्तरीय खानेकुरा खान पाउन् भन्ने उद्देश्यले बजार अनुगमन गरिएको हो । १८ असोजमा उपप्रमुख गोपालीले खाना-पानी जस्ता वस्तुमा अनावश्यक मूल्यवृद्धि भएको सूचना प्राप्त भएपछि एक्सनमा उत्रिएका थिए । अनुगमनका क्रममा पत्रकारले गरेको प्रश्नमा थाहानगर होटल व्यवसायी संघका अध्यक्ष शिवकुमार खत्रीले थाहा नगरपालिका क्षेत्रका कुनैपनि होटलले निर्धारित मूल्यभन्दा बढी रकम नलिएको दाबी गरे । उनले



सादा खाना दुई सय, मासु सहितको खाना तीन सय पचास, तरकारी पच्चीस र पानी पच्चीस रुपैयाँमा बिक्री भइरहेको जानकारी दिए ।

खत्रीलेले खाना-पानीमा अनावश्यक मूल्यवृद्धि गरिएको कुरा गलत भएको र यातायातको चाप बढेपनि, नबढे पनि एउटै मूल्य कायम रहेको बताए । त्रिभुवन राजपथको व्यवस्थापनको सन्दर्भमा उप-प्रमुख गोपालीले अविरल वर्षाले निम्त्याएको पहिरोका कारण थाहानगरप्रहरी, नेपाल प्रहरी, र सडक विभागसँग समन्वय गरेर २४ घन्टाभित्र यातायात सञ्चालन गर्न सफल भएको बताए ।

यातायातको चाप व्यवस्थापन गर्न ट्राफिक प्रहरी, नेपाल प्रहरी, र नगरप्रहरीलाई परि चालन गरिएको जानकारी दिए । त्रिभुवन राजपथ हुँदै यात्रा गर्दा यात्रुलाई खाना-पानी खुवाउँदा ठगी हुने आशंका रहेका कारण खानाको गुणस्तर र सरसफाइ जाँच गर्न नगरप्रहरीलाई खटाइएको पनि उनले बताए । लापरबाही भए कानुनअनुसार कारबाही गरिने चेतावनी पनि दिए ।

# नारायणी सहकारीको २८ औं साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, १९ असोज/ नारायणी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड हेटौंडा-९ को २८ औं वार्षिक साधारणसभा शनिबार हेटौंडामा सम्पन्न भएको छ ।

बागमती प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष एवम् मकवानपुर जिल्ला सहकारी संघका अध्यक्ष नारायणप्रसाद देवकोटाको प्रमुखआतिथ्य तथा राष्ट्रिय सहकारी महासंघका संचालक एवम् मकवानपुर जिल्ला सहकारी संघका निवर्तमान अध्यक्ष बद्रीप्रसाद लम्सालको विशेष आतिथ्य रहेको थियो ।

कार्यक्रममा सहकारीका अध्यक्ष जंगबहादुर गुरुङले आव २०८०/८१ को वार्षिक प्रगति प्रतिवेदन र आव २०८१/८२ को भावी नीति तथा कार्यक्रम सहितको प्रतिवेदन प्रस्तुत गरेका थिए । सहकारीका ब्यबस्थापक महेश्वर अधिकारीले आव २०८०/८१ को आयव्यय विवरण र आव २०८१/८२ को प्रस्तावित अनुमानित बजेट प्रस्तुत गरेका थिए ।

कार्यक्रममा हेटौंडा उपमहानगर सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेल, राष्ट्रिय सहकारी बैंक बागमती प्रदेश कार्यालयका प्रबन्धक रामेश्वर अर्याल, हेटौंडा सिमेन्ट उद्योग लिमिटेडका अध्यक्ष नरेन्द्र भण्डारी, बागमती प्रदेश बचत तथा ऋण सहकारी संघकी निवर्तमान उपाध्यक्ष एवम् मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघकी निवर्तमान अध्यक्ष राधा सिन्तान, बागमती प्रदेश सहकारी संघका सदस्य एवम् मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरि न्यौपाने, नारायणी सहकारीका सल्लाहकार कुमार पौडेल, नमस्ते मकवानपुर बचत तथा ऋण सहकारी संस्था हेटौंडाका अध्यक्ष नवराज खनाल, मकवानपुर बेरोजगार युवा संगठनका अध्यक्ष सुरेश बेरोजगार, नारायणी बहुउद्देश्यीय सहकारीका उपाध्यक्ष रामचन्द्र दाहालगायतले मन्तब्य व्यक्त गरेका थिए ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-९ का वडाअध्यक्ष सुकराम केसी, केन्द्रीय बहुउद्देश्यीय सहकारी संघका लेखासंयोजक भोलाप्रसाद शर्मा, अडानका केन्द्रीय सदस्य प्रकाश ढकाल, उपभोक्ता हितसंरक्षण मञ्चका उपाध्यक्ष वासु खतिवडा, टोल विकास संस्था नगर समन्वय समिति उपाध्यक्ष सती खड्का न्यौपाने, सामुदायिक सेवाकेन्द्र मकवानपुरका अध्यक्ष राम विष्ट लगायतको आतिथ्यता रहेको थियो ।

# दिव्यतारा बहुउद्देश्यीय पालुङ इकाईको साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा, १९ असोज/ हेटौंडामा मुख्य कार्यालय रहेको दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको थाहानगर सेवाकेन्द्रको छैटौं इकाईसभा तथा २६ औं (साधारणसभा) सम्पन्न भएको छ ।

संस्थाको थाहानगर सेवाकेन्द्रको संयोजक भरत गोपालीको अध्यक्षतामा सम्पन्न साधारणसभामा बागमती प्रदेश सांसद लक्ष्मी श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो । साधारणसभामा संचालक समितिका प्रतिनिधित्व गर्दै मुख्य कार्यालय हेटौंडाका सचिव ईश्वर पण्डित, थाहा-३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझी, ४ नम्बर वडाअध्यक्ष नारायण लामा, संस्थाका थाहा इकाई सल्लाहकार खड्गबहादुर गोपाली, कृष्णभक्त श्रेष्ठ, संस्थाका वयोवृद्ध सदस्य रामजी कार्की, संस्थाका हेटौंडा सहसचिव निलम बजगाँईलगायतको उपस्थिति थियो ।

कार्यक्रममा प्रमुखअतिथि सांसद श्रेष्ठले संस्थाको वित्तीय प्रगतिको मूल्यांकन उच्चरहेकोले आगामी दिनमा संस्थाको प्रगतिको कामना गर्दै साधारणसभाको सफलताको शुभकामना दिइन् । साधारणसभामा संस्थाको प्रतिवेदन प्रस्तुत गर्दै थाहा संयोजक गोपालीले विभिन्न स्थानमा छरिएर रहेका स-साना पुँजीलाई एकीकृत गरी सानै भएपनि राष्ट्रिय पुँजी निर्माण गर्न संस्थाले मद्दत गरेको बताउदै सहकारीसँग सम्बन्धित ऐन कानुनको परिधिभित्र रही सदैव सहकारी अभियानमा आवद्द हुन आग्रह गरे ।

आगामी आर्थिक वर्ष शेयर सदस्य संख्या १५ सय पुर्‍याउने लक्ष्य रहेको जनाइएको छ । यसवर्ष संस्थाले १७ लाख २० हजार खुद नाफा गरेको र ५ करोड ८० लाखको वार्षिक कारोबार गरेको प्रतिवेदनमा उल्लेख छ । हाल संस्थाको मुख्य कार्यालय सहित सबै सेवाकेन्द्रको संयुक्त कारोबारमा शेयर सदस्य संख्या १० हजार ८ सय ३० ऋण सदस्य २ हजार ९ जना, शेयर पुँजी १२ करोड ३८ लाख ६९ हजार ७ सय रहेको छ । बचततर्फ ६८ करोड ३१ लाख ५८ हजार ४ सय रुपैयाँ र बाह्य ऋण ४३ करोड २९ लाख ७ हजार २ सय ५२ रहेको प्रतिवेदनमा उल्लेख छ ।

# कुलेखानी-फाखेल सडक आज दिउँसोबाट खुलाउने तयारी



साझाकुरा संवाददाता

हेटौंडा, १९ असोज/ हेटौंडा-काठमाडौं जोड्ने छोटोमार्ग अन्तर्गत्को कुलेखानी-फाखेल सडक आज आइतबार दिउँसबाट सञ्चालनमा ल्याउने तयारी भएको छ ।

१०-१२ असोजमा परेको भिषण वर्षाका कारण बाढीपहिरोले कुलेखानी-फाखेल खण्डका विभिन्न स्थानमा पहिरो जाँदा सडक अवरुद्ध हुन पुगेको थियो । कुलेखानी ड्याम मुनि डाइभर्सन निर्माण र महालक्ष्मी खोलाले भत्काएको बाटो मर्मत भएपछि आइतबारबाट सवारीसाधन सञ्चालनमा ल्याउने तयारी गरिएको मकवानपुरका प्रहरीप्रमुख प्रहरी उरीक्षक विश्वराज खड्काले जानकारी दिए । कुलेखानी जलाशयबाट छोडिएको पानीको प्रेसरले हेभीस्थित पक्की पुलसँग जोडिएको सडक बगाएको थियो ।

कुलेखानी-फाखेल र कुलेखानी-सिस्नेरी सडक खण्डमा भइरहेको काम र यातायात सञ्चालको पूर्वतयारीका विषयमा बुझ्न शनिबार बागमती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री अमनकुमार मास्के, मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थप्रसाद चिलुवाल, मकवानपुरका प्रहरी उपरीक्षक खड्कालगायतको टोली निरीक्षणको लागि फाखेल महालक्ष्मी पुगेको थियो । मन्त्रीसहितको टोलीले तत्काल सडक सञ्चालनका लागि निर्देशन दिएका थिए ।

यातायात पूर्वाधार निर्देशनालय बागमती प्रदेशका निर्देशक पुष्करप्रसाद पोखरेलले फाखेल सडकखण्डमा भएका अवरोध पन्छाउने क्रम अन्तिमचरणमा रहेकाले भोलि आइतबारबाट सडक सञ्चालन आउने बताए । 'फाखेल सडक खण्ड भोलि दिउँसो १ बजेबाट सञ्चालन गर्ने विषयमा छलफल भएको छ । हामीले तत्काल यातायात सञ्चालनका लागि आवश्यक पूर्वाधार तयार पारेका छौं,' उनले भने, 'अब कुनै ठूलो समस्या नआए भोलि आइतबार दिउँसोबाट सवारीसाधान निर्वाध सञ्चालन गर्न सकिन्छ ।'

कुलेखानी सिस्नेरीतर्फको सडक सञ्चालनका लागि भने सोमबारसम्मै कुर्नुपर्ने उनको भनाइ छ । यो सडकखण्डमा बाढीले सडक बगाएका ठाउँमा तत्काल बाटो निर्माण गर्न नसकिने भएपछि खोलाको बाटो भएर सवारीसाधान सञ्चालनको व्यवस्था मिलाउने काम भइरहेको पोखरेलले जानकारी दिए ।

# हेटौंडाबाट ११ करोड मूल्यको ८ किलो सुनसहित २ जना पक्राउ




साझाकुरा संवाददाता

हेटौंडा, १९ असोज/ मकवानपुर प्रहरीले हालसम्मकै ठूलो परिमाणमा अवैध सुनसहित दुईजना भारतीयलाई पक्राउ गरेको छ । हेटौंडाबाट शनिवार बिहान ८ किलो २४३ ग्राम ९७० मिलिग्राम सुनसहित दुईजना पक्राउ परेका हुन् ।

शनिबार बिहान ३ बजेको समयमा विशेष सूचनाको आधारमा प्रहरीले हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटे चेकपोष्टस्थित पूर्व-पश्चिम सडकखण्डमा पथलैयाबाट हेटौंडातर्फ आउँदै गरेको बागमती प्रदेश ०२-०४७प ७५०३ नम्बरको स्कुटर लाई जाँच गर्दा सुन फेला परेको थियो । बरामद सुनको मूल्य करिव ११ करोड ४३ लाख ५७ हजार ८७८ रुपैयाँ रहेको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेमा भारत महाराष्ट्र सांगली जिल्ला दिघंची थाना पुजारवाडी बस्ने २५ वर्षीय अभिषेक अजिनाथ कुटी र २७ वर्षीय राहुल भिट्टिहाल बाड रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका एसपी विश्वराज खड्काले जानकारी दिए । सुन तस्करीको विशेष सूचना पाएपछि एसपी खड्काकै कमाण्डमा प्रहरीटोली खटिएको थियो । उनका अनुसार पक्राउ परेका दुवैजनाले जनकपुरबाट पथलैयासम्म बसमा र पथलैयाबाट स्कुटरमा यात्रा गरिरहेका थिए ।

उनीहरुले सुन काठमाडौंको गौशाला पुर्‍याउन लागेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । पक्राउ परेका कुटी र बाडले यसअघि ८ असोजमा २ किलो सुन काठमाडौंमा पुर्‍याएको समेत खुलेको छ । उनीहरुलाई हङकङबाट परिचालन गरिएको हुनसक्ने एसपी खड्काले जानकारी दिए । हङकङको गिरोहसँग ह्वाट्सएपमा कुराकानी हुने गरेको खुलेको उनले बताए ।

मकवानपुर प्रहरीले यसअघि १५ असोजमा पनि ६७ लाख मूल्यको ४९० ग्राम ८८० मिलिग्राम सुनसहित एक जनालाई पक्राउ गरेको थियो ।

हेटौंडा उपमहानगर पालिका-१५ रातोमाटे चेकपोष्टमा बीरगंजबाट हेटौंडातर्फ आउँदै गरेको बा.प्र.०३-००१ज ६९६ नम्बरको यात्रुबाहक ईभी माईक्रोलाई जाँच गर्दा भारत बिहारको फुलबरिया पूर्वीचम्पारण बरेवा बस्ने ३४ वर्षीय सुजित सर्राफ सुनसहित पक्राउ परेका थिए ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि सचिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना